# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १७४ | काठमाडौं | बिहीबार, ०१ कात्तिक २०८१ | Prabhab National Daily | Thursday, October 17, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## डडेलधुरामा रात्रिबस दुर्घटना

### सुत्केरीसहित एकैपरिवारका चार जनाको मृत्यु



- दुई दिनका शिशुकोसमेत जोगिएन ज्यान
- जैमती बोहरा, सहदेव, कमला र नवजात शिशु एकै परिवारका
- सोमबारमात्र सुत्केरी भएकी थिइन् कमला
- बस चालक वीरेन्द्र बोहरासहित १२ जना घाइते

■ **प्रभाव संवाददाता**

काठमाडौं- डडेलधुरामा रात्रिबस दुर्घटना हुँदा सुत्केरी र नवजात शिशुसहित पाँच जनाको मृत्यु भएको छ । कञ्चनपुरको महेन्द्रनगरदेखि बैतडीको पुर्चौंडी जाँदै गरेको पवनदूत यातायातको ना ८ ख १०७८ नम्बरको बस मंगलबार राति साढे १२ बजे डडेलधुराको अमरगढी नगरपालिका-७ खस्रेखानमा दुर्घटना भएको हो ।

जिल्ला प्रहरी कार्यालय डडेलधुराका सूचना अधिकारी तथा प्रहरी निरीक्षक उपेन्द्र बमका अनुसार दुर्घटनालगत्तै चार जनाको मृत्यु भएको थियो । बुधबार दिउँसो ११ बजे छतले च्यापिएको अवस्थामा बैतडीको पुर्चौंडी नगरपालिका-१० का ६० वर्षीया महिला गोवणी महराको शव भेटिएपछि मृतकको संख्या पाँच पुगेको हो ।

दुर्घटनामा पुर्चौंडी-३ बस्ने ४५ वर्षीया जैमती बोहरा, दुई दिनका शिशु, २२ वर्षीय सहदेव बोहरा र २१ वर्षीया कमला बोहराको पनि घटनास्थलमै मृत्यु भएको हो ।

(क्रमशः पृष्ठ २ मा)

### बिपी राजमार्गमा रात्रिबस निषेध

सडक डिभिजन कार्यालय भक्तपुरले बिपी राजमार्गमा राति सवारीसाधन चलाउन रोक लगाएको छ । रोशी खोलाको बाढीले विभिन्न खण्डमा सडक बगाएपछि वैकल्पिक ट्र्याक निर्माण गरी सोमबारदेखि आवागमन खुलाइएको थियो ।

सडक डिभिजन भक्तपुरले बुधबार सार्वजनिक सूचना जारी गरी भकुण्डेबेसी चौकीडाँडादेखि वर्षेखोलासम्म ट्र्याक निर्माण भए पनि मर्मत तथा सुधार गरी यात्रा थप सुरक्षित बनाउने काम भइरहेकाले जुनसुकै समयमा उक्त खण्डमा सुख्खा पहिरो झर्ने सम्भावना हुँदा बेलुकी ६ बजेदेखि बिहानको ४ बजेसम्म धुलिखेल-भकुण्डेबेसी-वर्षेखोला सडकखण्ड बन्द रहने जनाएको हो ।

# सत्ता गुम्ने त्रासमा ओली

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओली आफ्नो नेतृत्वको सत्ता गुम्छ कि भन्ने चिन्तामा परेका छन् । बुधबार प्रहरी दिवसको अवसरमा प्रहरी प्रधान कार्यालय नक्साल पुगेर प्रधानमन्त्री ओलीले उक्त चिन्ता प्रकट गरेका हुन् ।

ओलीले वर्तमान सरकार परिवर्तन हुन्छ भन्ने हल्ला दैनिक सुन्ने गरेको उल्लेख गर्दै यो भ्रममात्र भएको तर्क गरे । 'कुनै पनि भ्रमहरूमा पछि नपर्न म आग्रह गर्न चाहन्छु । अहिले दिनैपिच्छे सरकार परिवर्तन हुन्छ भन्ने कुरा पनि सुनिन्छ । दसैंपछि तुरुन्त परिवर्तन हुन्छ रे ! कुन दसैं भन्या ? ०८४ को दसैंपछिको चुनावपछि हो भने ठीकै हो,' ओलीले भने ।

प्रमुख राजनीतिक दल नेपाली कांग्रेससँग गठबन्धनपछि गत असार ३० गते प्रधानमन्त्रीमा नियुक्त भएका ओलीले चुनावी सरकारको नेतृत्व कांग्रेस सभापति शेरबहादुर देउवाले गर्ने बेलामात्र यो सरकारको नेतृत्व फेरिने बताए । 'मैले पहिले नै भनिसकेको छु, म एक वर्ष नौ महिना जति प्रधानमन्त्री रहने होला । त्यसपछि शेरबहादुरजीलाई हस्तान्तरण गर्छु । मैले पहिले नै भनिसकेको छु । त्यसपछि आफैं फेरिन्छ यो सरकार । त्यसपछि शेरबहादुरजीले नेतृत्व लिनुहुन्छ । चुनाव उहाँको नेतृत्वमा हुन्छ । यस कुरामा ढुक्क हुन म आग्रह गर्दछु,' उनले भने ।

यतिमात्र हैन ओलीले आफू झन्डै दुईतिहाइ नजिकको प्रधानमन्त्री भएको दाबीसमेत पेस गरे । 'इतिहास बोकेका कांग्रेस र एमाले मिलेर बनेको छ । यो खरानीको डल्लो होइन, सरकार लगभग दुईतिहाइको छ भन्ने सबैमा हेक्का रहोस्,' ओलीले भने ।

अहिले सरकारमा कांग्रेससहित एमाले, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी छ । संविधान संशोधन गर्ने वाचा गरेका प्रधानमन्त्री ओलीलाई प्रतिनिधिसभाका २७५ सदस्यमध्ये १८८ जनाले विश्वासको मत दिएका थिए । प्रतिनिधिसभाको दुईतिहाइ बहुमतका लागि १८४ सांसदको समर्थन आवश्यक हुन्छ । चार दलमध्ये नेपाली कांग्रेस ८८, नेकपा एमालेसँग ७८, जसपासँग सात र लोसपासँग चार सांसद छन् । त्यसैगरी छ सांसद रहेको जनमत पार्टी, पाँच सांसद रहेको जनता समाजवादी पार्टी नेपाल, चार सांसद रहेको नागरिक उन्मुक्ति पार्टी र दुई स्वतन्त्र पार्टीकोसमेत ओली नेतृत्वको सरकारलाई साथ रहेको छ ।

> यो सरकार धेरै समय जाँदैन भन्ने लागेकै थियो । अहिलेको घटनाक्रमहरूले करिब-करिब त्यस्तै संकेत गरेको छ । हुनसक्छ, केही समयपछि नयाँ राजनीतिक वातावरण बन्नसक्छ, धेरैको आँकलन पनि त्यही छ ।
>
> ■ **पुष्पकमल दाहाल**
> **अध्यक्ष, माओवादी केन्द्र**

> सरकार परिवर्तन हुन्छ भन्ने हल्ला दैनिक सुन्छु । कुनै पनि भ्रमको पछि नपरौं । इतिहास बोकेका कांग्रेस र एमाले मिलेर बनेको छ । यो खरानीको डल्लो होइन, सरकार लगभग दुईतिहाइको छ भन्ने सबैमा हेक्का रहोस् ।
>
> ■ **केपी शर्मा ओली**
> **प्रधानमन्त्री**

### के सरकार ढल्न लागेको हो ?

आफूलाई पदच्युत गरेपछि यसअघिका प्रधानमन्त्री नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले बेलाबेला दसैंपछि सरकार ढल्ने दाबी गर्दै आएका थिए । बुधबारमात्र नेपाल न्युज बैंकसँगको कुराकानीका क्रममा दाहालले वर्तमान सरकार ढल्ने वातावरण बनिसकेको ठोकुवा गरे । 'मलाई के लाग्छ भने यो सरकार जुन रूपमा र जसरी बन्यो सुरूमै मैले अनुमान गरिसकेको थिएँ । सरकार धेरै समय जाँदैन भन्ने लागेको थियो । अहिलेको घटनाक्रमहरूले करिब-करिब त्यस्तै संकेत गरेको छ । हुनसक्छ केही समयपछि नयाँ राजनीतिक वातावरण बन्नसक्छ, धेरैको आँकलन पनि त्यही छ,' कुराकानीका क्रममा दाहालले भने ।

दाहालले भनेको राजनीतिक वातावरण कस्तो ? माओवादी नेताहरूका अनुसार ओलीलाई बाइपास गरी नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र माओवादी अध्यक्ष दाहाल नेकपा ब्युताउँने अभियानमा छन् । नेपाल र दाहाल नेकपाको अध्यक्ष विद्यादेवी भण्डारीलाई बनाउने विषयमा करिब-करिब सहमत छन् । यस विषयलाई लिएर वर्षमान पुन विद्यादेवीकहाँ दूत बनेर पुगेका थिए । पछिल्लो राजनीतिक घटनाक्रममा चिनियाँ पक्षले वर्षमानलाई प्रयोग गर्दै आएका छन् । विद्यादेवी पनि एमालेमा ओलीइतरको गुट निर्माणमा सक्रिय छिन् ।

(क्रमशः पृष्ठ २ मा)

### रिसाएकै हुन् त देउवा ?

प्रतिनिधिसभाको चौथो दल राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले गत असोज ३ गते पार्टीको एक कार्यक्रममा ओली सरकारप्रति लक्षित गर्दै भनेका थिए, 'फ्र्याकली भन्छु, शेरबहादुर देउवा रिसाएको एक मिनेटपछि सेकेन्डभरमा यो सरकार ढल्छ ।'

उनले भनेझैं के कांग्रेस सभापति देउवा ओलीसँग रिसाएका हुन् ? यस विषयमा पछिल्ला केही घटनाक्रमलाई अध्ययन गर्दा कांग्रेस प्रधानमन्त्री ओलीसँग असन्तुष्ट देखिन्छ । कांग्रेस ओलीसँग असन्तुष्ट हुनुको पहिलो कारण हो, उपसभामुख इन्दिरा रानालाई कारबाही । अमेरिकामा पाँच जनालाई पठाउन अमेरिकी दूतावासलाई चिठी लेखेको विषयमा उपसभामुखलाई कारबाही गर्ने कांग्रेसको मनसाय थियो । तर, एमाले तयार नभएपछि यस विषयमा कांग्रेस मौन बस्यो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

# सन्तान छाडेर श्रम गर्न विदेसिँदै आमाहरू

**काठमाडौं–** दसैंको पूर्वसन्ध्यामा सात वर्षीय छोरा माइत छाडेर झापाकी रूपा गिरी मलेसिया उडिन् । मलेसिया जान लागेकी गिरीले भावुक हुँदै भनिन्, 'घर चलाउन, घरै छाड्नुपर्‍यो ।' घरको आर्थिक स्थिति सुधार्न विदेसिन लागेको उनको भनाइ थियो ।

कक्षा ११ को पढाइ बीचैमा छाडेर गिरीले बिहे गरेको केही वर्षमा छोरा जन्मियो । कलाकारिता पेसामा आबद्ध श्रीमान्को कमाइले परिवार चलाउन सकिनन् । छोरो स्कुल पठाउन थालेपछि पठनपाठन शुल्क तिर्न र पालनपोषण गर्नसमेत हम्मेहम्मे भयो ।

उनले ऋण गरेर स्वदेशमै व्यापार गर्नेबारे पनि नसोचेकी होइनन् तर लगानी गर्ने आँट नभएपछि विदेसिन बाध्य भएको बताइन् । 'सन्तान छाडेर विदेसिने कुन आमालाई खुसी मिल्छ होला र,' उनले भनिन्, 'मुटुमा ढुंगा राखेर जान लागेकी छु । राम्रै कम्पनी परे त ठीकै हो । नभए के गर्ने थाहा छैन ।' गिरीसँगै कामदारका रूपमा विदेश जान आठ महिला तयार थिए । ती सबै आमाहरू थिए ।

त्यही लहरमा भेटिएकी झापाकै ३४ वर्षीया सरस्वती तामाङको अनुहार मलिन देखिन्थ्यो । आफ्नै नाम भन्न लजाउने तामाङले समुद्रपारिको मुलुकमा कसरी काम गर्छिन् ? भन्ने प्रश्नको जवाफ छोटोमा दिइन्, 'जे त होला ।'

तामाङले ५ कक्षासम्म मात्रै पढेकी छन् । सानैमा बिहे भयो । १० वर्षकी छोरी छोडेर विदेसिनु कुनै महत्त्वाकांक्षा नरहेको उनको भनाइ छ । 'यो मेरो बाध्यता हो,' उनी भन्छिन्, 'छोरी हुर्किँदै छे, उसलाई मेरो जरुरी पर्छ तर गरिबीले विदेसिने बनायो ।'

तामाङका श्रीमान् सवारी चालक हुन् । सुकुम्बासी बस्तीमा बस्ने उनीहरूको जग्गा जमिन छैन । घर चलाउन श्रीमान्लाई विदेश पठाउने तयारी गरे पनि स्वास्थ्य परीक्षण गर्दा छातीमा दाग देखिएपछि उनले आफैं विदेसिने निधो गरेकी हुन् । 'नेपालको कमाइले पुग्दैन । महँगी छ । त्यसैले विदेसिनुको विकल्प देखिँन,' उनले भनिन् ।

स्याङ्जाकी धनु घले दुई छोराछोरीकी आमा हुन् । श्रीमान्ले काम नगर्ने, जाँड रक्सी खाएर कुटपिट गर्ने गरेपछि उनले 'फुटपाथ'मा साग बेचेर जीविकोपार्जन गर्दै आएकी थिइन् । छोराछोरी पढाउन र हुर्काउन गाह्रो भयो । श्रीमान्लाई फकाएर मलेसिया पठाइन् । विदेश गएका श्रीमान्ले खर्च पठाउने आशामा पाँच वर्ष बित्यो तर श्रीमान्ले न त पैसा पठाए न त फोन सम्पर्क नै । हातमुख जोर्न मुस्किल भएपछि ४२ वर्षीया घलेले छोराछोरीलाई छात्रवासमा राखेर दुबई जान लागेको बताइन् । 'विदेश गएको श्रीमान्ले एक सुको पठाएन, वास्तै गरेन,' उनले भनिन्, 'छोराछोरी पाल्ने कोही नभएपछि उनीहरूकै भविष्यका लागि विदसिन लागेकी हुँ ।'

> पछिल्लो तथ्यांकले रोजगारीका लागि महिला विदेश जानेक्रम बढ्दो अवस्थामा रहेको देखाउँछ । अधिकांश महिला खाडी मुलुकमा जानुहुन्छ । त्यसमा पनि श्रम स्वीकृति नलिई लुकेर जानेहरूको तथ्यांक पाउन मुस्किल छ ।
>
> ■ **टीकाराम ढकाल**
> **प्रवक्ता, वैदेशिक रोजगार बोर्ड**

> वैदेशिक रोजगारमा आमा जान बाध्य हुँदा परिवारमा नकारात्मक असर परेको छ । आमा नहुँदा घर परिवार लथालिंग भएको छ । राज्यले स्वदेशमै रोजगारीको सुनिश्चितता नगर्दा नागरिकले सास्ती खेप्नुपरेको छ ।
>
> ■ **लिली थापा**
> **सदस्य, मानवअधिकार आयोग**

वैदेशिक रोजगार विभागको सन् २०२२ को तथ्यांकमा वैदेशिक रोजगारमा जाने महिलाको उमेर समूहमा २४ देखि ३४ वर्षका ५२.३ प्रतिशत, १८ देखि २४ उमेरका ३२.३ प्रतिशत र ३५ देखि ४४ वर्ष उमेरका १४.६ प्रतिशत र ४५ देखि माथिका ०.८ प्रतिशत उल्लेख छ ।

विभागकाअनुसार बर्सेनि ६० हजार हाराहारीको संख्यामा महिला वैदेशिक रोजगारीमा जाने गरेका छन् । आर्थिक वर्ष २०७८/७९ मा ४९ हजार महिला वैदेशिक रोजगारीमा गएका थिए । आर्थिक वर्ष २०७९/८० मा ७२ हजार महिला श्रम गर्न विदेश गए । आर्थिक वर्ष २०८०/८१ मा भने वैदेशिक रोजगारीमा जाने महिलाको संख्या वृद्धि भई ८० हजार पुगेको छ ।

वैदेशिक रोजगार बोर्डका प्रवक्ता टीकाराम ढकालले तुलनात्मक रूपमा पुरुषभन्दा महिला कमै विदेश जाने गरेको देखिए पनि पछिल्लो तथ्यांकले रोजगारका लागि विदेश जानेक्रम बढ्दो अवस्थामा रहेको बताए । उनकाअनुसार खाडी मुलुक जाने महिलाको संख्यामा क्रमशः वृद्धि भइरहेको छ । 'अधिकांश महिला साउदी, मलेसिया, कुवेत, कतार, युएईलगायत खाडी मुलुकमा रोजगारका लागि जानुहुन्छ,' प्रवक्ता ढकालले भने, 'त्यसमा पनि श्रम स्वीकृति नलिई लुकेर जानेहरूको तथ्यांक पाउन मुस्किल छ ।'

राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य लिली थापाले वैदेशिक रोजगारमा आमा जान बाध्य हुँदा परिवारमा नकारात्मक असर परेको बताउँछिन् । आयोगले एक वर्षअघि गरेको तथ्यांकको विश्लेषण गर्दै भनिन्, 'आमा नहुँदा घर परिवार लथालिंग भएको छ ।' राज्यले स्वदेशमै रोजगारीको सुनिश्चितता नगर्दा नागरिकले सास्ती खेप्नुपरेको उनको भनाइ छ ।

पौरखी नेपालकी पूर्वअध्यक्ष मञ्जु गुरुङका अनुसार आमाहरू परिवार पाल्न विदेसिनुमा सामाजिक, आर्थिक, राजनीतिक पक्षहरू मुख्य छन् । संस्थाले विदेश जानुअघि परामर्श दिने, सकेसम्म स्वदेशमै बस्न उत्साहित गर्ने र नभएमा विदेश जाँदा अपनाउनुपर्ने सचेतताबारे परामर्श दिँदै आएको उनले बताइन् । बितेका १५ वर्षमा पाँच हजारभन्दा बढी वैदेशिक रोजगारीमा अलपत्र महिलाको उद्धार गरिएको उनले जानकारी दिइन् ।

'नेपाली समाजमा महिलाले थुप्रै विभेद सहन बाध्य छन्,' उनी भन्छिन्, 'जसले गर्दा घर छोडेर कमाउन विदेसिएका छन् ।' आमाहरूलाई स्वदेशमै टिकाउन राज्यले उद्यमशील नीति ल्याउन जरुरी रहेको उनको सुझाव छ । *रासस*




# ‘प्रहरी नागरिकको भरोसायोग्य संगठन’



**काठमाडौं (प्रस)–** प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले राष्ट्र र नागरिकले सामना गरेका विषम् परिस्थितिमा देखाएको समर्पणभाव र उच्च व्यावसायिकता प्रदर्शनबाट प्रहरी नागरिकको सेवा र सुरक्षाको भरोसायोग्य संगठनका रूपमा स्थापित भएको बताएका छन् ।

६९औं प्रहरी दिवसका अवसरमा बुधबार प्रहरी प्रधान कार्यालय नक्सालमा आयोजित समारोहलाई सम्बोधन गर्दै उनले कार्यसम्पादन र सेवा प्रवाहको विश्वसनीयता, गुणस्तरीयता र जिम्मेवारीप्रतिको समर्पणलाई निरन्तर परिस्कृत गर्दै लगिएको बताए ।

महानिरीक्षक कुँवरले संगठित अपराधका रूपमा रहेका लागुऔषध कारोबार, मानव बेचबिखन, साइबर एवं विद्युतीय कसुर, अवैध हातहतियार र बहुमूल्य सामग्रीको ओसरपसार तथा आर्थिक अपराधलाई निर्ममताका साथ कानुनी दायरमा ल्याउन प्रहरीले आफ्नो क्षमतालाई विस्तार गरी अन्तर्राष्ट्रिय प्रहरी निकायसँगको समवन्यलाई तीव्रता दिएको बताए । बदलिँदो सामाजिक परिवेशसँगै सिर्जित नवीनतम् चुनौतीलाई उच्च मनोबलका साथ निस्तेज पारिएको उल्लेख गर्दै उनले पछिल्ला एक वर्षमा उल्लेखनीय र अपत्यारिला उपलब्धि हासिल भएका बताए । ‘बहुचर्चित तथा जघन्य अपराधको सफल अनुसन्धान, विपद्जन्य घटनाको उद्धार, लागुऔषध, आत्महत्या, लैंगिक हिंसा र सवारी दुर्घटना न्यूनीकरणलगायत सामाजिक विकृतिविरुद्ध जनचेतना अभिवृद्धि गरिएको छ,’ प्रहरी महानिरीक्षक कुँवरले भने ।

उनले पछिल्लो एक वर्षको अवधिमा प्रहरी संगठनको आधुनिकीकरण, सुदृढीकरण र संस्थागत विकासका लागि विभिन्न निकायसँग साझेदारी भएको स्पष्ट पारे । महानिरीक्षक कुँवरले मुलुकमा शान्तिसुरक्षा र अमनचयन कायम गरी नागरिकको जीउधन र व्यक्तिगत स्वतन्त्रताको संरक्षण गर्दै प्रहरीलाई विश्वसनीय र प्रभावकारी संगठनका रूपमा रूपान्तरणका लागि कटिबद्ध रहन निर्देशन दिए ।

सो समारोहमा प्रधानमन्त्री केपी शर्मा ओलीले अवकाश प्राप्त प्रहरी उपरीक्षक चिन्तबहादुर बस्नेतलाई ‘लाइफटाइम अचिभमेन्ट अवार्ड’ प्रदान गरेका थिए । सो क्रममा प्रधानमन्त्री ओलीले ‘प्रहरी दर्पण २०८१’ लोकार्पण गरे । पुरस्कृत व्यक्तित्व बस्नेतले प्रहरी फौज स्थापनाको मर्मअनुसार काम गर्न सिंगो संगठन प्रतिबद्ध हुनुपर्ने बताए ।

## उत्कृष्ट प्रहरी अधिकृत र कर्मचारी पुरस्कृत

समारोहमा प्रधानमन्त्री ओलीले ‘पूर्ण शान्ति पुरस्कार’ जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी नायब उपरीक्षक पवनकुमार भट्टराई, ‘मोतीलाल सर्वोत्कृष्ट अनुसन्धान पुरस्कार’ केन्द्रीय अनुसन्धान ब्युरोमा कार्यरत प्रहरी वरिष्ठ नायब निरीक्षक सूर्यभक्त श्रेष्ठ र ‘योगेन्द्र स्मृति साहसिक पुरस्कार’ गण्डकी प्रदेश प्रहरी, विपद् व्यवस्थापन गुल्म बागलुङमा कार्यरत प्रहरी जवान अब्दुल अन्सारीलाई प्रदान गरे ।

समारोहमा प्रहरी व्याटन-२०८१ अन्तर्गत उत्कृष्ट हुने लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङलाई प्रदान गरिएको थियो । यस्तै प्रधानमन्त्री ओलीले ‘मोतीलाल-कला-मिथिला अमर प्रहरी छात्रवृत्ति’ अनजयकुमार साह र आशिका लामा, ‘अच्युत-मीना अमर प्रहरी परिवार पुरस्कार’ अंशु थारु र दिकेश कार्की, ‘अच्युत-मीना अमर प्रहरी परिवार छात्रवृत्ति’ नवीना साउँद र अनिल साउँदलाई प्रदान गरे ।

समारोहमा प्रहरीको ऐतिहासिक विकासक्रम झल्काउने मार्चपास तथा उपत्यकासहित सातवटै प्रदेश प्रहरी कार्यालयका तर्फबाट सांस्कृतिक झाँकी प्रदर्शन गरिएको थियो ।

पृष्ठ १ बाट क्रमशः

## सत्ता गुम्ने...

कांग्रेस र एमालेको सरकार अनैतिक तवरले बनेकोले आफैं ढल्नेमा आफू विश्वस्त रहेको दाहालको तर्क थियो । ‘मैले भनेको छु यो सरकार गलत तरिकाले, बडो अप्राकृतिक, अपारदर्शी र अनैतिक रूपमा बनेकाले आफैं ढल्छ भन्ने लाग्छ । हामीले धेरै मिहेनत गर्नुपर्छ भन्ने नै लाग्दैन,’ अध्यक्ष दाहालले भने । यता नेपाली कांग्रेसले पनि ओलीको पछिल्लो गतिविधिप्रति असन्तुष्ट जनाउँदै आएको छ ।

■■■

## रिसाएकै हुन्...

ओली र उपसभामुख राना एकै जिल्लाका र निकटसमेत रहेको बताइन्छ । यसकारण पनि ओली उपसभामुखलाई कारबाही गर्न तयार भएनन् ।

कांग्रेस असन्तुष्ट हुनुको अर्को कारण हो सहकारी प्रकरणमा रास्वपा सभापति लामिछानेलाई कारबाही नगर्नु । हुन त सरकारको गृहमन्त्री नेपाली कांग्रेसका रमेश लेखक छन् । तर, प्रधानमन्त्री ओलीकै कारण रास्वपा सभापति लामिछानेलाई पक्राउ नगरिएको कांग्रेसका नेताहरू बताउँछन् । प्रधानमन्त्री ओली न्युयोर्क पुगेकै बेला असोज ६ गते लामिछानेलाई प्रहरीले पक्राउको तयारी गरेको थियो । तर, ओलीले केही समय ‘होल्ड’ गर्न लगाएपछि यो प्रकरण सेलाएको छ ।

ओलीसँग कांग्रेस असन्तुष्ट हुनुको अर्को कारण हो गत असोज ११ र १२ गतेको बाढीपहिरोपछि कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहलाई मन्त्रिपरिषद्को आकस्मिक बैठक बस्न नदिनु । प्रधानमन्त्री ओलीले आफू अमेरिकाबाट फर्केपछिमात्र मन्त्रिपरिषद् बैठक बस्ने भनेपछि मुख्यसचिव एकनारायण अर्याल स्याङ्जातिर सम्मान थाप्न पुगेका थिए भने प्रकाशमान पोखरा । यसरी असोज ११ गतेदेखि आएको अविरल वर्षाका कारण देश डुबानमा पर्दा कार्यवाहकले कुनै निर्णय गर्न नपाएको भन्दै ओलीमाथिको असन्तुष्टि कांग्रेसले विभिन्न सञ्चारमाध्यमबाट पोखेको थियो ।

एमाले पार्टी कार्यालय निर्माणका लागि विवादित व्यवसायी मीनबहादुर गुरुङबाट जग्गा दान लिएको पछिल्लो विषयले पनि कांग्रेसको असन्तुष्टिलाई बढाएको छ । गुरुङले कीर्तिपुरमा दिएको १० रोपनीभन्दा बढी जग्गामा ओलीले दसैंको अघिल्लो दिन असोज २५ गते पार्टी मुख्यालय भवनको शिलान्यास गरेका थिए । सरकारको नेतृत्वमा रहेका बेला व्यवसायीसँग दलले करिब एक अर्ब बराबरको जग्गा दान लिनुले सुशासन नै संकटमा पर्ने भन्दै चौतर्फी आलोचना भइरहेको बेला कांग्रेसले पनि आलोचना गरेको हो । कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मासहितका नेताहरूले बुधबार एमालेको उक्त कदम सही नभएको बताए ।

यसैगरी ओली नेतृत्वको सरकारप्रति चीन र भारतसमेत असन्तुष्ट रहेको बताइन्छ। भारतलाई रिझाउन ओलीले न्युयोर्क भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट गर्न निकै प्रयास गरेका थिए । सुरुमा भेट अनिश्चित भनिए पनि पनि दुई समकक्षीबीच भेटवार्ता भएको थियो । भेटपछि पनि सिंहदरबारदेखि नेताहरूसम्म भन्ने गर्थे- दसैंपछि यो सरकारको भर छैन । अहिले पनि सिंहदरबारमा सहसचिवदेखि माथिल्लो दर्जाका कर्मचारीले ओली सरकारको आयु लामो नभएको तर्क गर्दै आएका छन् ।

■■■

## डडेलधुरामा रात्रिबस...

दुर्घटनामा परी गम्भीर घाइते भएका बस चालक वीरेन्द्र बोहरासहित १२ जनालाई थप उपचारका लागि धनगढी पठाइएको सूचना अधिकारी प्रहरी निरीक्षक बमले जानकारी दिए । बस सडकबाट झन्डै ३०० मिटर खसेर पोखरा-बेलापुर सडकमा पुगेको थियो ।

### चार जना एकै परिवारका

घटनामा परी मृत्यु भएका चार जना एकै परिवारका हुन् । जैमती, सहदेव, कमला र नवजात शिशु एकै परिवारका भएको प्रहरीले जानकारी दिएको छ । प्रहरीका अनुसार बैतडीको पुर्चौडी नगरपालिका-३ तोली गाउँकी कमला सुत्केरी थिइन् । उनको काखमा दुई दिनका छोरा थिए ।

उनी २४ असोजमा उनी सुत्केरी गराउन धनगढी आएकी थिइन् । उनीसँगै उनका श्रीमान् सहदेव थिए । सुत्केरी छोरीको स्याहार गर्न आमा जैमती पनि धनगढी आइपुगेकी थिइन् । सोमबारमात्र कमला सुत्केरी भएकी थिइन् । छोरा जन्मिएपछि उनीहरू रात्रिबसमा घर फर्कंदै थिए ।

सहदेवले दुई वर्षअघि कमलासँग विवाह गरेका थिए । शिशु जन्मिएको खुसी लिएर घर हिँडेका उनीहरूले बाटैमा ज्यान गुमाउनुपर्‍यो । घर पुगेर आफन्तसँग खुसियाली साट्ने सपना अधुरै बनायो दुर्घटनाले ।


# जनहितमा जारी सन्देश !

- कानुनी अधिकार स्थापित गर्नु प्रत्येक नागरिकहरूको अधिकार हो ।
- समयमै कर तिर्नु नागरिकहरूको दायित्व मात्रै हैन सम्मान पाउने अवसर पनि हो ।
- पेशा व्यवसाय दर्ता गरी नियमित कर तिर्ने बानी बसालौँ ।
- जाति, भाषा, धर्म र लिङ्गको आधारमा कसैलाई भेदभाव नगरौँ । मानव सभ्यताको पहिचान दिऔँ ।

# हार्दिक शुभकामना

नेपालीहरूको महान चाड शुभ-दिपावली तथा छठपर्व २०८१ सालको पावन अवसरमा देश-विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति समृद्धि एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु ।



**माननीय बहादुरसिंह थापा**
**अर्थमन्त्री**
**आर्थिक मामिला मन्त्रालय**
**सुदूरपश्चिम प्रदेश सरकार**


दोधारा चाँदनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दोधाराचाँदनी, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८१/०७/०१ गते)

यस कार्यालयबाट मिति २०८१।०५।२६ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूको मूल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको बिवरण | छनौट भएको बोलपत्र दाता | कबोल अंक (मु.अ.क बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१/IR/२०८१/०८२ | जेगबुडा खोलामा संकलन गरिने नदिजन्य पदार्थमा रोयल्टी संकलन | श्री न्यु हुनैनाथ निर्माण सेवा, दो.चा.न.पा.२ कञ्चनपुर | ४४,३५,०००।०० | |

**प्रमुख प्रशासकीय अधिकृत**

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बिहीबार, ०१ कात्तिक, २०८१

| | |
|---|---|
| मेष | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| वृष | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| मिथुन | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| कर्कट | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| सिंह | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| कन्या | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |
| तुला | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| वृश्चिक | मार्गदर्शन अनुचित लाग्नेछ । |
| धनु | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको |
| मकर | लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| कुम्भ | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| मीन | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०१ कात्तिक, २०८१ (१७ अक्टोबर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४८.०२ | १४८.६८ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.६६ | १७६.४४ |
| स्विस फ्रैन्क | १ को | १५७.७७ | १५८.४८ |
| अस्ट्रेलियन डलर | १ को | ९१.७४ | ९२.१५ |
| क्यानाडियन डलर | १ को | ९९.०२ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०३.३६ | १०३.८२ |
| जापानी येन | १० को | ९.१३ | ९.१७ |
| चिनियाँ युआन | १ को | १९.१० | १९.१९ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ४.०५ | ४.०६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३१.७६ | ३१.९० |
| दक्षिण कोरियन वन | १०० को | १०.०४ | १०.०९ |
| स्विडिस क्रोनर | १ को | १३.०२ | १३.०८ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.२६ | १७.३४ |
| कुवेती दिनार | १ को | ४३८.२० | ४४०.१७ |
| बहराइन दिनार | १ को | ३५५.५७ | ३५७.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# देशभर साढे १९ हजार जना डेंगुबाट संक्रमित

**काठमाडौं (प्रस)-** देशभर डेंगु संक्रमण तीव्ररूपमा फैलिरहेको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी) को पछिल्लो तथ्यांकअनुसार डेंगु संक्रमितको संख्या १९ हजार ५९९ पुगेको छ । डेंगु संक्रमणबाट हालसम्म नौ जनाले ज्यान गुमाइसकेका छन् ।

डेंगु संक्रमण मुलुकका ७६ जिल्लासम्म फैलिएको महाशाखाले जनाएको छ । डेंगु संक्रमण सबैभन्दा बढी काठमाडौंमा फैलिएको छ । काठमाडौंमा डेंगु संक्रमणबाट हालसम्म तीन हजार १०३ जना प्रभावित बनेका छन् । यस्तै कास्कीमा दुई हजार ८४७ जनामा डेंगु संक्रमण देखिएको छ । यस्तै तनहुँमा दुई हजार १०७, पर्वतमा एक हजार ५६२, चितवनमा ९७१, ललितपुरमा ८२७, गोरखामा ५८८, बाग्लुङमा ६१०, भक्तपुरमा ३५५ तथा स्याङ्जामा ३३५ जनामा डेंगु संक्रमण पुष्टि भइसकेको महाशाखाले जनाएको छ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुका रिसर्च युनिटका संयोजक तथा संक्रामक रोग विशेषज्ञ डा. शेरबहादुर पुन भन्छन्, 'पोस्ट मनसुन सुरु हुँदा डेंगुको जोखिम बढ्ने सम्भावना हुन्छ । दसैंलगत्तै अस्पताल आउने डेंगुका बिरामी बढिरहेका छन् । समुदायमा डेंगु संक्रमण फैलिएको देखिन्छ ।'

गत वर्षको पुस मसान्तसम्म देशभर झण्डै ५२ हजारभन्दा बढीमा डेंगु संक्रमण पुष्टि भएकामा २० जनाको मृत्यु भएको थियो । डेंगु एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एकप्रकारको कीटजन्य रोग हो । लामखुट्टेको टोकाइबाट बच्न पूरा शरीर ढाक्ने कपडा लगाउने, खाल्डाखुल्डी पुर्ने, खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने, खाली भाँडाकुँडा घोप्टयाएर राख्ने, पानीको ट्यांकी पूरै खाली गरेर सफा गरिरहने, सुत्ने बेला झुलको प्रयोग गर्नुपर्छ ।

डेंगु संक्रमणबाट बच्न मुख्यत: लामखुट्टेको टोकाइबाट जोगिनुपर्छ । डा. पुन भन्छन्, 'झूलको प्रयोग गर्नु राम्रो हुन्छ । जटिल लक्षण देखिए स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।'

# धौलागिरिमा ज्यान गुमाएका आरोहीको शव काठमाडौं ल्याइयो

**काठमाडौं (प्रस)-** १० दिनअघि धौलागिरि हिमाल आरोहणका क्रममा ज्यान गुमाएका पाँचजना रसियन पर्वतारोहीको शव संकलन गरेर बुधबार काठमाडौं ल्याइएको छ । सात हजार १०० मिटर उचाइमा मृतावस्थामा उनीहरूको शव भेटिएको थियो । रसियन पर्वतारोहीको शव हेलिकप्टरमार्फत काठमाडौं पठाएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रमुख प्रहरी नायब उपरीक्षक भरत श्रेष्ठले जानकारी दिए ।

एयर अल्टिच्युडको हेलिकप्टरबाट हिमालमा पुगेका सेभेन समिट ट्रेकका सञ्चालक मिङ्मा शेर्पासहितको शेर्पाको टोलीले शव उठाएर इटली आधार शिविर झारेका थिए । इटली आधार शिविरबाट शवलाई काठमाडौंस्थित त्रिविवि शिक्षण अस्पतालमा पठाएको प्रनाउ श्रेष्ठले बताए ।

आधार शिविरको हाइक्यापमा बास बसेर धौलागिरि आरोहणका लागि गएका उनीहरू सात हजार ६०० मिटरको उचाइबाट असोज २१ दिउँसो ११ बजेदेखि सम्पर्कविहीन भएका थिए । प्रहरीका अनुसार रसियाका अलेक्जेन्डर दुशेको, ओलेग कुर्गलोभ, भ्लालिमिर चिस्तिकोभ, मिखाइल नोसेन्को र डिमित्री शालिलेभोइको शव २३ गते दिउँसो भेटिएको थियो ।

हेलिकप्टर अवतरण गर्न र मानिस हिंडेर पुग्न नसकिने ठाउँमा रहेको शव मौसमको खराबी र प्रतिकूल भूगोलका कारण संकलन गरेर घटनास्थलबाट ल्याउन ढिलाइ भएको हो । उद्धारकर्ताहरू हेलिकप्टरबाट डोरीमा झुण्डिएर शव भएको ठाउँमा पुगेका हुन् ।

आइएम ट्रेकिङ एण्ड एक्सपीडिसनमार्फत १४ जना रसियाका पुरुष पर्वतारोही धौलागिरि हिमाल आरोहणका लागि गएका थिए । दुई जनाले सफल आरोहण गरेका थिए । सात जना पर्वतरोहीले बीचमै आरोहण रद्द गरेर फर्किएका थिए । यसअघि शव ल्याउन हिमालमा गएको हेलिकप्टर रित्तै फर्किएको थियो । संसारको सातौं (८,१६७ मिटर) अग्लो धवलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका-४ मा पर्छ । पर्यटन विभागका अनुसार चालु शरद्यममा रसियाका १४ जनाले मात्र धौलागिरि आरोहणको अनुमति लिएका थिए ।

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

*(प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/०७/०१ गते)*

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व.०८०/८१ मा पुनरुत्पादन कटानबाट उत्पादन साल, असना, जामुन, अन्य जातको गोलिया ११८९४.२४ क्यू.फि.काठ र साल र अन्य दाउरा ४९.७५ चट्टा, पत्लाउने तथा सुधार कटान रुखहरूबाट उत्पादित साल, असना, अन्य जातको गोलिया ३०४.८७ क्यू.फि.काठ, दाउरा २ चट्टा, लप्सटप्स दाउरा २० क्वीन्टल तथा ढलापडाबाट उत्पादन साल, असना, अन्य जातको गोलिया ११०२.५९ क्यू.फि. काठ साल र साल र अन्य दाउरा ६.७५ चट्टा लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री प्रगतिशिल सा.व.उ.स., सि.न.पा.-११, अर्घाखाँची**

## गोलिया काठ तथा दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

*(प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/०७/०१ गते, बिहीबार)*

यस कार्यालयको आ.व.०८०/०८१ मा शमशेरगंज-माथेबास सरकारद्वारा व्यवस्थित वनको वन व्यवस्थापन कार्ययोजना अनुसार कटानमुछान गर्दा उत्पादन भएको साल गोलिया थान ५२११ को ३२३१६.७ घ.फि.तथा अन्य जातिका काठ ६८४१ को २७०१७.८३ र साल जातको दाउरा ७७.७५ चट्टा तथा मिश्रित जातको ८६.७५ चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ ( एक्काइस) दिनभित्र यस कार्यालय वा वन निर्देशनालय, बुटवल, रूपन्देहीबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

***डिभिजन वन कार्यालय, बाँके***

## मिक्लाजुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### मधुमल्ला, मोरङ

## बोलपत्र आवह्ानको सूचना !

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०७/०१ गते)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ (क) र गाउँपालिका आर्थिक ऐन २०८१ बमोजिम तपसिलमा उल्लेखित नदीहरूको स्वीकृत नाकाहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन गरी बिक्री गर्नेगरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम (मुअकर सहित) | संकलन र उत्खनन् गर्न पाउने अधिकतम परिणाम (घन मि.) | बोलपत्र दस्तुर | माध्यम |
|---|---|---|---|---|---|
| MRM/MOR/NCB/REV/01/2081-082 | बक्रा खोलाका खामेझोडा नाका, शान्तीटोल नाका र रचना नाका, साखरे खोलाको नाकाबाट ढुंगा, गिटी, रोडा र ग्राभेल लगायतका नदीजन्य पदार्थ संकलन तथा बिक्री | रु ६,२४,७९,७६७८० (मुअकर सहित) | २,२३,८४१.६० | ५,००० | E- Bidding |
| MRM/MOR/NCB/REV/02/2081-082 | मिक्लु, मगर, आँपे, मुगु, सफेवा र सोल्टी लगाएतका खोलाहरूबाट नदीजन्य पदार्थ संकलन तथा बिक्री | २,१०,९२,४५६।६८ (बिड डकुमेन्टमा उल्लेख भएको रकम मुअकर बाहेकको रहेको) | ७५५६६।३७ | ५,००० | E- Bidding |

ठेक्का नं. MRM/MOR/NCB/REV/02/2081–082 को बिड डकुमेन्टमा उल्लेख भएको रकम मुअकर बाहेकको रहेको जानकारी गराइन्छ । थप जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न सक्नु हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## युएई/ओमन/कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी: HAIFA SALOON BR**

पूर्व स्वीकृति मिति: २०८१/०६/२९ | LT. No. 312132 | चलानी नं. 60226580

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 1 | 0 | 1500 | ५४.९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HAIRDRESSER | 1 | 0 | 1500 | ५४.९८८ | | | | | | | |

**कम्पनी: NEW ARABIAN HR CONSULTANTS AND EXTERNAL TOURISM**

पूर्व स्वीकृति मिति: २०८१/०५/२१ | LT. No. 310327 | चलानी नं. 60226581

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | assistant | 5 | 0 | 1400 | ५१.७७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 5 | 0 | 1000 | ३६.९८३ | | | | | | | |

**कम्पनी: TEA TIME BREAK LLC**

पूर्व स्वीकृति मिति: २०८१/०२/०२ | LT. No. 304786 | चलानी नं. 60226582

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 150 | ५२.४६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | dish washer | 8 | 0 | 120 | ४१.९६९ | | | | | | | |
| 3 | juice maker | 8 | 0 | 130 | ४५.४६७ | | | | | | | |
| 4 | Sandwich Maker | 10 | 0 | 150 | ५२.४६२ | | | | | | | |
| 5 | waiter | 5 | 0 | 140 | ४८.९६४ | | | | | | | |

**कम्पनी: WHITE QUEEN CLEANING SEVICES CO.**

पूर्व स्वीकृति मिति: २०८१/०१/१६ | LT. No. 304350 | चलानी नं. 60226583

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 15 | 1000 | ३६.६५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी: METRO STATE CONTRACTING COMPANY WLL**

पूर्व स्वीकृति मिति: २०८१/०१/२५ | LT. No. 303885 | चलानी नं. 60226584

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 1 | 0 | 1500 | ५५.४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker | 5 | 0 | 1200 | ४४.३८० | | | | | | | |
| 3 | CIVIL ENGINEER | 1 | 0 | 5000 | १८४९१६ | | | | | | | |
| 4 | Dry Clean Worker | 0 | 2 | 1200 | ४४.३८० | | | | | | | |
| 5 | Electrician - Skilled | 4 | 0 | 1500 | ५५.४७५ | | | | | | | |
| 6 | General Cook | 1 | 0 | 1800 | ६६.५७० | | | | | | | |
| 7 | LABOUR | 4 | 0 | 1200 | ४४.३८० | | | | | | | |
| 8 | MASON | 3 | 0 | 1500 | ५५.४७५ | | | | | | | |
| 9 | PIPE FITTER | 2 | 0 | 1500 | ५५.४७५ | | | | | | | |
| 10 | STORE KEEPER | 1 | 0 | 2100 | ७७.६६५ | | | | | | | |

**कम्पनी: STALLION ON DEMAND LABOR SUPPLY L.L.C.**

पूर्व स्वीकृति मिति: २०८१/०१/०४ | LT. No. 303491 | चलानी नं. 60226585

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING LABOURER | 100 | 0 | 900 | ३२.९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Industrial Electrician | 50 | 0 | 1200 | ४३.९९० | | | | | | | |

**कम्पनी: KRYSLER TRADING CONTRACTING & SERVICES L.L.C**

पूर्व स्वीकृति मिति: २०८०/१२/२१ | LT. No. 303002 | चलानी नं. 60226586

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ६२.८७१ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | GENERAL CLEAN WORKER | 5 | 0 | 1000 | ३६.९८३ | | | | | | | |
| 3 | LABOUR | 4 | 0 | 1000 | ३६.९८३ | | | | | | | |

**कम्पनी: SEATTLE INTERNATIONAL SERVICES**

पूर्व स्वीकृति मिति: २०८०/१२/०४ | LT. No. 303002 | चलानी नं. 60226586

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING LABOURER | 50 | 0 | 1200 | ४३.९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ८ गते (24th OCt. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Like International (Pvt) Ltd.**
Balkumari-9, Lalitpur, Kathmandu, Nepal, Tel: +977-1-44181444
Email: nocnepal@nassers.org
श्रम ईजाजत नं. १५८०/०७९/०८०



## युएइमा रोजगार

**कम्पनी : TAMAM AL NADA CLEANING SERVICES**

पूर्व स्वीकृति मिति : २०८१/०६/२९ | LT. No. 312183 | चलानी नं. ६०२२६६०६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 15 | 0 | 1000 | ३६.६५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | mason (tile-layer) | 35 | 0 | 1200 | ४३.९८९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ८ गते (24th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५५,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**M.B. HUMAN RESOURCE PVT.LTD.** Govt. License No. 1504/074/75
Basundhara, Kathmandu, Nepal, Contact: +977-1-4016801, Mobile: 9814067324, 9849362405, 9851168891, 9841374012, Email: mbhuman1504@gmail.com, Web: www.mbmanpower.com



## युएइमा रोजगार

**कम्पनी : JABAL ALFAIDH CARPENTRY & FLOORING CONTRACTING CO. LLC**

पूर्व स्वीकृति मिति : २०८१/०६/२९ | LT. No.312206 | चलानी नं.६०२२६३५५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 1500 | ५४.९८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Layer | 2 | 0 | 1500 | ५४.९८७ | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1500 | ५४.९८७ | | | | | | | |
| 4 | Ceiling Workers | 2 | 0 | 1500 | ५४.९८७ | | | | | | | |
| 5 | Electrician. | 2 | 0 | 1500 | ५४.९८७ | | | | | | | |
| 6 | LIGHT TECHNICIAN | 1 | 0 | 1500 | ५४.९८७ | | | | | | | |
| 7 | Painter | 2 | 0 | 1500 | ५४.९८७ | | | | | | | |
| 8 | Tile Layer | 2 | 0 | 1500 | ५४.९८७ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ७ गते (23th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## कुवेतमा रोजगार

**कम्पनी : AL-MAHA AGRICULTURAL CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति : २०८१/०६/30 | LT. No. 312248 | चलानी नं. ६०२२६६१४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 5 | 0 | 140 | ६१.३६३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 5 | 0 | 150 | ६५.७४६ | | | | | | | |
| 3 | Labour | 30 | 0 | 95 | ४१.६३९ | | | | | | | |
| 4 | Light Driver | 2 | 0 | 135 | ५९.१७२ | | | | | | | |

**कम्पनी : f**

पूर्व स्वीकृति मिति : २०८१/०६/३० | LT. No. 312248 | चलानी नं. ६०२२६६१४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 0 | 30 | 90 | ३९.४४८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard | 7 | 0 | 125 | ५४.७८९ | | | | | | | |
| 3 | worker/helper/labour | 10 | 0 | 95 | ४१.६३९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ३० गते (24th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Dana Human Resource Nepal Pvt. Ltd.** Govt. Lic.No 1692/081/81
Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747
Email Id: danane palpg@gmail.com, info@dananepal.com, website : www.dananepal.com



## युएइमा रोजगार

**कम्पनी : CHINA RAILWAY CONSTRUCTION CORPORATION LIMITED - DUBAI BRANCH**

पूर्व स्वीकृति मिति : २०८१/०६/30 | LT. No. 312211 | चलानी नं. ६०२२६६१०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 50 | 0 | 1200 | ४३.९८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 60 | 0 | 1200 | ४३.९८९ | | | | | | | |
| 3 | Scaffolder | 40 | 0 | 1200 | ४३.९८९ | | | | | | | |
| 4 | Steel Fixer | 50 | 0 | 1200 | ४३.९८९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ८ गते (24th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323
Mobile No, : 9801848632, 9801248108, 9801248107, 9801248106
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS
श्रम ईजाजत नं. ११०८/०७३/०७४



## रोमनियामा रोजगार

**कम्पनी : ULTRA RECYCLING SRL**

पूर्व स्वीकृति मिति : २०७९/११/०८ | पून: विज्ञापन स्वीकृति मिति : २०८१/०६/३० | LT. No. 281378 | चलानी नं. ६०१९६८४७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RL | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL WORKER | 120 | 0 | 550 | १६.१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ८ गते (24th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५५,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Kathmandu International Incorporate Pvt. Ltd.**
Tokha Municipality-10,Samakhushi, Kathmandu, Phone No: 01-49606356, 4952265, 4960635 Mobile No. : 9816501787 Email : kiimanpowernepal@gmail.com
श्रम ईजाजत नं. ४४१/०६०/६१



## युएइमा रोजगार

**कम्पनी : LULU HYPERMARKET LLC**

पूर्व स्वीकृति मिति : २९८१/०६/३० | LT. No. 312072 | चलानी नं.६०२२५४८०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 200 | 0 | 1300 | ४७.६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ८ गते (24th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**JOB SEEKER MANPOWER Pvt. Ltd.**
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np
Website :www.jobseekermanpower.com.np



## युएइमा रोजगार

**कम्पनी : EMFAM INTEGRATED HOSPITALITY SERVICES LLC**

पूर्व स्वीकृति मिति : २०८१/०६/२९ | LT. No. 312184 | चलानी नं. ६०२२६६०६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (MALE) | 36 | 0 | 1000 | ३६.६५८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 0 | 2 | 1300 | ४७.६५५ | | | | | | | |
| 3 | waiter/waitress | 0 | 2 | 1300 | ४७.६५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ८ गते (24th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५५,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**M.B. HUMAN RESOURCE PVT.LTD.** Govt. License No. 1504/074/75
Basundhara, Kathmandu, Nepal, Contact: +977-1-4016801, Mobile: 9814067324, 9849362405, 9851168891, 9841374012, Email: mbhuman1504@gmail.com, Web: www.mbmanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL RASHID TECHNOLOGY AND POWER CO**

पूर्व स्वीकृति मिति : २०८१/०६/३० | LT. No. 312231 | चलानी नं. ६०२२६६१७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver Truck/Trailer | 10 | 0 | 1500 | ५३.६७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Operator | 6 | 0 | 1500 | ५३.६७५ | | | | | | | |
| 3 | Technician Labour (General Labour) | 8 | 0 | 1000 | ३५.७८३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ८ गते (24th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु.१५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**SHADA EMPLOYMENT SERVICES PVT.LTD.**
Gaushala-9, Kathmandu, Nepal Tel : +977-1-4465484, 4465461
Fax: +977-1-4465453 E-mail : Contact@sesjob.com
Website : www.sesjob.com
श्रम ईजाजत नं. १३८७/०७४/०७५

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### प्रहरी समायोजन चाँडो टुंग्याऊ

**संघीयताअनुसारको संविधान जारी भएको १० वर्ष पुग्न लागिसकेको छ । तर, संघीय कानुनअनुसार कतिपय संरचना पुरानै ढर्रामा चल्दा संघीयतामाथि नै प्रश्न उठ्न थालेको छ । यस्तै मध्येकै संरचना नफेरिएको संस्था हो– नेपाल प्रहरी । यस्तो अवस्थामा बुधबार प्रहरीले आफ्नो ६९औं दिवस मनायो । तीन तहको सरकार हुँदा पनि प्रहरी जिल्ला संरचनामा सञ्चालित छ । खासै अधिकार नभएको र संविधानले नचिन्ने प्रमुख जिल्ला अधिकारीको रोहबरमा बस्नुपर्दा प्रहरी परिचालन सहज भइरहेको छैन ।**

**जसकारण कयौं घटनामा प्रहरीको काम प्रभावकारी हुन सकेको छैन । 'सत्य सेवा सुरक्षणम्'को मन्त्रसहित जनताको सेवामा समर्पित प्रहरी अहिले विभिन्न कारण बद्नाम छ । प्रहरीमा पुरानै संरचना यथावत् रहँदा उमंगको सञ्चार पनि छैन । जसकारण सर्वसाधारणमा पनि प्रहरीमाथिको विश्वास खस्कँदो छ । यसको मुख्य कारण समायोजनबाट संघीय सरकार पन्छिनु हो ।**

**संघीय सरकारले प्रहरी समायोजन ऐन जारी नगर्दा प्रदेश सरकारले प्रहरी सञ्चालन गर्न सकिरहेको छैन । स्थानीय तहलाई प्रहरीले टेर्ने कुरा पनि भएन । प्रजिअ आफैं निकाय हो कि हैन भनेर अलमलमा भइरहेको बेला स्थानीयस्तरमा प्रहरीलाई जिम्मेवार बोध गराउने कुनै निकाय अहिले सक्रिय छैन । संघीय सरकारको सहयोगी प्रदेश सरकार हो । तर, प्रदेश सरकारसँग एन नहुँदा नीतिगतरूपमा काम गर्न सकिरहेको छैन ।**

**जसकारण गत असोज १२ गतेजस्तो बाढीपहिरोको विपद्मा संघ सरकार आलोचनाको तारोमा पर्‍यो । अधिकारजति आफू थुपारेर राखेपछि यस्तो बेला प्रदेश सरकार र स्थानीय सरकार छाडेर संघीय सरकार नै तारोमा पर्छ । हुन त प्रधानमन्त्रीदेखि मन्त्रीहरूसम्म प्रदेश र स्थानीय तहको पनि सरकार नै भएको भन्दै उम्कन खोजे । तर, वास्तवमा अधिकारजति आफू कुम्ल्याउने अनि प्रदेश र स्थानीय तहलाई दोष दिने प्रवृत्ति 'मोही माग्ने, ढुंग्रो लुकाउने' जस्तै हो ।**

**अहिले विभिन्न स्थानीय घटनाहरूलाई प्रदेश सरकारले नजिकबाट नियालिरहेको हुन्छ । लागुऔषधको ओसारपसार, मानव तस्करी, राजस्व चुहावट तथा चोरी, डकैती, साइबर अपराधलाई रोक्न प्रदेशमा प्रहरी समायोजन हुनुपर्छ । यसले एक त प्रहरीको विभिन्न तहका उच्च अधिकारीको पनि समायोजन हुने छ भने प्रदेश प्रमुख भएर जाँदा काम गरेर सिद्ध गराउने होडले शान्तिसुरक्षा बढोत्तरी हुने देखिन्छ ।**

## मननयोग्य

### चाणक्य नीति

जनचाहनालाई प्रबल आधार बनाएर पुत्रमोहले समेत अन्धो भएका राजा धृतराष्ट्रलाई सम्झाएर कुलवधू द्रौपदीसहित कुन्ती र उनका छोरा पाण्डवहरूलाई हस्तिनापुरमा बोलाउन लगाउनु र औपचारिकतापूर्वक उनीहरूको स्वागतमा तयार गराउनुजस्तो बुद्धि चातुर्यको काम विदुरले नै पूरा गरेका थिए। विदुर सुरुदेखि अन्तसम्म कुरु राज्यप्रति निष्ठावान् रहेका थिए । उनी सदैव निर्भिकतापूर्वक धर्मको नै पक्ष लिने गर्दथे। उनी धर्मपारायण हुन् भन्ने कुराको प्रमाण अरू के हुन सक्ला र जबकि युद्ध रोकियोस् भन्ने उद्देश्यले अन्तिम प्रयास 'गर्न पाण्डवहरूको दूत बनेर आएका यादव नरेश श्रीकृष्णले दुर्योधनका राजमहलको आतिथ्य स्वीकार नगरी विदुरकहाँ (एउटा दासीपुत्रको घरमा बस्न उचित ठान्नुभयो। त्यसैले विदुलाई महात्मासमेत भनिँदै आएको छ।

विदुरले आफ्नो जिन्दगानीभरि नै धर्म (नीति) को पालना गरे। महाभारतमा अनेकौं नीतिशास्त्रकारका नीतिहरू संकलित छन्। यिनमध्ये पाण्डवका पुरोहित धौम्यका सेवानीति, कणिक भारद्वाजको कूटनीति प्रख्यात छन्। महात्मा विदुरले धृतराष्ट्रलाई भनेको कुरा (उपदेश) अत्यन्तै मार्मिक र अनौठा छन्। विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्वहरूको विवेचना गरिएको छ। साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ। सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ ।

'धर्मको गति बुझिनसक्नु छ' 'धर्मका तात्विक विषयहरू यत्रतत्र पाइदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ । धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । क्रमश :

# नेपालमा अकुपञ्चरको अवस्था, सम्भावना र चुनौती



■ डा. नरेन्द्र लामिछाने

नेपालमा अकुपञ्चरको भविष्य वास्तवमै उज्ज्वल देखिन्छ, किनकि यो प्राकृतिक र वैकल्पिक चिकित्सा विधिका रूपमा जनस्तरमा स्वीकृति पाउँदै छ । दीर्घकालीन स्वास्थ्य समस्याहरूको रोकथाम, उपचार र पुनःस्थापनामा अकुपञ्चरको भूमिका महत्त्वपूर्ण बन्न सक्छ । यसको प्रभावकारितालाई बुझ्दै, नीतिगत सुधार र संस्थागत संरचना विकास गर्नु अत्यावश्यक छ । नेपालमा अकुपञ्चरको अभ्यासलाई कानुनी मान्यता दिएर, शिक्षा र प्रशिक्षणको मापदण्ड विकास गर्दै योग्य विशेषज्ञहरु उत्पादन गर्न स्वास्थ्य मन्त्रालय, चिकित्सा संस्थाहरु र विशेषज्ञहरुबीच सहकार्य आवश्यक छ ।

नेपालमा परम्परागत चिकित्सा प्रणालीको लामो इतिहास छ, जसमा आयुर्वेद, युनानी, होमियोप्याथी, सोवारिग्पा र अन्य प्राकृतिक उपचार विधिहरूले विशेष स्थान ओगटेका छन् । यी उपचार पद्धतिहरूलाई धेरै शताब्दीयौंदेखि अपनाउँदै आइएको छ र तिनले स्वास्थ्य समस्याहरूको उपचारमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । आयुर्वेदको विकास त नेपालको सांस्कृतिक र भौगोलिक विविधतामा आधारित जडीबुटीहरूको प्रयोगमा गरिएको छ, जसले धेरै परम्परागत औषधिहरू निर्माण गर्न सहयोग पुर्‍याएको छ ।

युनानी चिकित्सा पनि प्राचीन समयमा मुस्लिम समुदायमार्फत नेपालमा प्रवेश गरेको थियो र विभिन्न स्वास्थ्य समस्याहरूको समाधानका लागि लोकप्रिय रह्यो । तर, पछिल्लो समय नेपालमा आधुनिक चिकित्सा प्रणालीको प्रभाव बढ्दो छ । यसले गर्दा परम्परागत चिकित्सा पद्धतिहरूमा पनि परिवर्तन आवश्यक रहेको छ । पछिल्लो केही वर्षमा अकुपञ्चर चिकित्सा विधिको लोकप्रियता बढ्दो छ । यस पद्धतिको प्रयोग विशेषगरी सहरी क्षेत्रहरूमा बढी देखिएको छ, जहाँ आधुनिक चिकित्सा प्रणालीका साथै वैकल्पिक चिकित्सा विधि फिजियोथेरापी, मालिस जस्तैको खोजी हुने गर्दछ । स्वास्थ्य क्षेत्रमा नवीन दृष्टिकोण अपनाउँदै, केही नेपाली चिकित्सक र स्वास्थ्यकर्मीले अकुपञ्चरको उपयोगिता र प्रभावकारितामा गहन अध्ययन गर्न थालेका छन् । अकुपञ्चरले विना औषधि दुखाइको उपचार गर्न सक्ने भएकाले, यसले लामो समयसम्म औषधि सेवन गर्दा उत्पन्न हुने नकारात्मक प्रभावहरूबाट जोगाउन सक्ने मान्यता छ ।

झन्डै दुई हजार वर्ष पुरानो उपचार विधि हो अकुपञ्चर । यसमा शरीरका विभिन्न 'मेरिडियन' भनिने ऊर्जा च्यानलहरूमा सुईहरूको प्रयोग गरी स्वास्थ्य समस्याहरूको उपचार गरिन्छ । चिनियाँ चिकित्सा सिद्धान्तअनुसार जब शरीरमा 'चि' भनिने ऊर्जा प्रवाहमा असन्तुलन हुन्छ, तब विभिन्न रोग र स्वास्थ्य समस्या उत्पन्न हुन्छन् । अकुपञ्चरले यी च्यानलहरूमा सुई राखेर असन्तुलनलाई सुधार्न र शरीरको प्राकृतिक उपचार क्षमतालाई मजबुत बनाउन मद्दत गर्दछ ।

यो विधिले नसासम्बन्धी रोग, शारीरिक दुखाइ, तनाव, पाचन समस्या, निद्रा समस्या, माइग्रेन, थाइराइड, हर्मोनल असन्तुलन, मोटोपन, अनुहारसम्बन्धी रोग, र अन्य रोगमा सकारात्मक प्रभाव पारेको छ । विशेषगरी, तनाव र दुखाइ व्यवस्थापनमा अकुपञ्चरले उल्लेखनीय नतिजा देखाएको छ, जसले गर्दा यो चिकित्सा पद्धति पछिल्ला वर्षहरूमा विश्वभर लोकप्रिय हुँदै गएको छ । अकुपञ्चरले विनाऔषधि नै शरीरका प्राकृतिक उपचार प्रक्रियाहरूलाई सक्रिय बनाउँछ । यसले गर्दा प्रयोग गर्ने मानिसहरूमा दीर्घकालीन औषधिको आवश्यकतालाई घटाउने सम्भावना हुन्छ ।

विश्व स्वास्थ्य संगठनले अकुपञ्चरको महत्त्वलाई औंल्याउँदै १०० भन्दा बढी रोगको उपचारमा यस पद्धतिको प्रभावकारिता प्रमाणित गरेको छ । संगठनको मान्यता र अनुसन्धानले गर्दा विश्वभरका मुलुकहरूमा यस पद्धतिलाई व्यापकरूपमा वैकल्पिक चिकित्सा विधि भनेर अभ्यास गरिन थालिएको छ । चीन अकुपञ्चरको उद्गमस्थल हो र यहाँ सबैभन्दा व्यापकरूपमा प्रयोग गरिन्छ । जापानमा 'हरिगेट्सु' विधिबाट फरक तरिकाले अकुपञ्चर गरिन्छ, जबकि दक्षिण कोरियामा परम्परागत र आधुनिक चिकित्सा पद्धतिको मिश्रणमा यसको लोकप्रियता बढ्दै गएको छ ।

यसैगरी, संयुक्त राज्य अमेरिकामा दुखाइ र तनाव व्यवस्थापनमा यसको प्रयोग बढिरहेको छ र क्यानडामा यसलाई स्वास्थ्य बिमामासमेत समावेश गरिएको छ । अस्ट्रेलियामा यो विशेषगरी दीर्घकालीन रोग र दुखाइ उपचारमा लोकप्रिय छ । जर्मनीमा अकुपञ्चरलाई बिमा कभरेजसहित आधुनिक चिकित्सा पद्धतिमा समावेश गरिएको छभने ब्रिटेनमा राष्ट्रिय स्वास्थ्य सेवाले यसलाई वैकल्पिक उपचार विधिका रूपमा मान्यता दिएको छ ।

फ्रान्समा अकुपञ्चरलाई औपचारिक चिकित्सा विधिका रूपमा मान्यता प्राप्त छ, र स्विडेनमा तनाव व्यवस्थापन तथा दीर्घकालीन रोगहरूको उपचारमा यसको व्यापक प्रयोग गरिन्छ । भारतमा पनि अकुपञ्चरको प्रयोग वैकल्पिक चिकित्सा विधिका रूपमा बढ्दो छ र नेपालमा पछिल्ला वर्षहरूमा यो विधि सहरी र ग्रामीण दुवै क्षेत्रमा लोकप्रिय हुँदै गइरहेको छ ।

त्यस्तै छिमेकी मुलुक मलेसिया, थाइल्यान्ड, भेतनाम, सिंगापुरजस्ता देशमा अझै अकुपञ्चरको लोकप्रियता लोभलाग्दो छ । साथै, वैज्ञानिक र चिकित्सा अनुसन्धानहरूले अकुपञ्चरको प्रभावकारिता र यथार्थतामा गहिरो अनुसन्धान गर्न थालिसकेका छन् । विभिन्न विश्वप्रख्यात जर्नल जस्तैः ल्यान्सेट, नेचर, शेलमा अकुपञ्चरसम्बन्धी अनुसन्धान प्रकाशित भएको पाइन्छ । यो विधि स्वास्थ्य समस्याहरूको उपचारमा मात्र सीमित नरहेर, रोगहरूको रोकथाम र समग्र स्वास्थ्यमा सुधार ल्याउन पनि उपयोगी सावित भएको छ । यसको उपयोगबाट मानिसहरूले शारीरिक, मानसिक र भावनात्मक स्वास्थ्यमा सुधारको अनुभव गर्दछन् ।

नेपालमा अकुपञ्चर पद्धतिको प्रयोगको इतिहास लामो नभए पनि पछिल्ला दुई-तीन दशकमा यसको लोकप्रियता उल्लेखनीयरूपमा बढेको छ । यो चिकित्सा विधि चीनसँगको सांस्कृतिक, शैक्षिक, र स्वास्थ्य सम्बन्धको परिणामस्वरूप नेपालमा प्रवेश गरेको मानिन्छ । अझै भैगोलिक विकासको रूपमा मुख्य गरेर अरनिको राजमार्ग बन्ने समयमा नेपालमा भित्रिएको दस्तावेज पाइन्छ । सन् १९८० को दशकमा वीर हस्पिटलमा अकुपञ्चरको शाखा नै खुलेर १७ वर्ष चलेको इतिहास छ । प्रारम्भमा सीमित स्थानहरूमा मात्र अकुपञ्चर सेवा उपलब्ध भए पनि अहिले यो सेवा नेपालका प्रमुख सहरहरूमा सहज रूपमा पाइन्छ । अझै सबैभन्दा पुरानो र ठूलो वैकल्पिक चिकित्सालय नरदेवी चिकित्सालयमा यसको उपयोगिता व्यापक रूपमा छ । पछिल्लो समय धेरै स्वास्थ्य संस्था, अस्पताल, र व्यक्तिगत क्लिनिकहरूले अकुपञ्चरलाई उपचारको एक विकल्पका रूपमा समावेश गरेका छन् । न्युरोसम्बन्धी नेपालको प्रमुख हस्पिटल अन्नपूर्ण न्युरोमा आइसियूदेखि नै अकुपञ्चर प्रयोग गरिन्छ भन्दा नौलो पनि लाग्न सक्दछ ।

नेपालमा अकुपञ्चरको विस्तारलाई चिकित्सा पर्यटनसँग पनि जोडेर हेर्न सकिन्छ । सन् २००० को दशकदेखि नेपालमा आउने विदेशी पर्यटकलाई लक्षित गर्दै अकुपञ्चर सेवा प्रदान गर्न थालिएको थियो । नेपालको प्राकृतिक सौन्दर्य, हिमाली वातावरण, र योग तथा ध्यानको प्राचीन परम्पराले गर्दा नेपाल शारीरिक र मानसिक उपचारका लागि आकर्षक गन्तव्य बनिरहेको छ । पर्यावरणीय शान्ति र आध्यात्मिकता खोज्ने पर्यटकहरूले अकुपञ्चरलाई आफ्नो शारीरिक र मानसिक स्वास्थ्य सुधारका लागि उत्कृष्ट विकल्पका रूपमा देख्न थालेका छन् । अकुपञ्चरलाई ध्यान, योग र प्राकृतिक उपचार विधिहरूसँग एकीकृत गरेर थेरापी दिन थालेपछि यसको प्रभावकारिता र लोकप्रियता झन् बढ्दै गएको छ । एकजना ब्राजिलियन पर्यटकले परम्परागत भारतीय चिकित्सा आयुर्वेद र चिनियाँ चिकित्साको एकैचोटि अनुभव लिनका लागि नेपाल आएको सुन्दा त पर्यटन क्षेत्रमा अकुपञ्चरको अझै विकास हुन धेरै बाँकी रहेको भान हुन्छ ।

नेपालमा अकुपञ्चरले विभिन्न स्वास्थ्य समस्यामा राम्रो परिणाम दिएको छ । विशेषगरी, ग्रामीण र सहरी दुवै क्षेत्रमा यसको पहुँचले गर्दा धेरै नेपाली जनतालाई प्राकृतिक उपचार पद्धतिहरूमा पुनः आकर्षित गरेको छ । चीनमा अध्ययन गरेर फर्किएका नेपाली चिकित्सकहरूले अकुपञ्चरलाई नेपाली स्वास्थ्य प्रणालीमा समावेश गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् तर हालसम्म सरकारी तवरबाट धेरै चासोको विषय नबनेको देखिन्छ ।

अकुपञ्चरको प्रभावकारिता विभिन्न प्रकारका स्वास्थ्य समस्याहरूको उपचारमा प्रमाणित भइसकेको छ । अनुसन्धानहरूले देखाएको छ कि अकुपञ्चरले विशेषगरी दुखाइ व्यवस्थापन, तनाव र मानसिक स्वास्थ्य समस्याहरू, निद्राको समस्या, पाचनसम्बन्धी विकारहरू, र प्रजनन स्वास्थ्यमा सकारात्मक असर पार्न सक्छ । दुखाइ व्यवस्थापनमा, अकुपञ्चरले शरीरमा प्राकृतिक पीडा निवारण गर्ने एन्डोरफिन्सको उत्पादनलाई प्रवर्द्धन गर्दछ । मांसपेशी र स्नायुहरूको रक्तप्रवाह सुधार गरेर यसले लामो समयदेखिको पुरानो दुखाइ, खासगरी घुँडा, ढाड-कम्मरको दुखाइ र माइग्रेनको उपचारमा सहयोग पुर्‍याउँछ ।

त्यस्तै, मानसिक स्वास्थ्य समस्याहरूमा अकुपञ्चरले तनाव र चिन्ता घटाउन मद्दत गर्दछ, जसले निद्राको गुणस्तरलाई सुधार्न प्रभावकारी देखिन्छ । त्यसैगरी, प्रजनन स्वास्थ्य सुधार गर्न र महिलाहरूमा मासिक धर्मसम्बन्धी समस्यालाई व्यवस्थापन गर्न पनि अकुपञ्चर प्रभावकारी छ । विशेषगरी बच्चा जन्माउन चाहने महिलामा यसको प्रयोग बढ्दो छ । यसको प्रभावकारिता प्रमाणित भएपछि यो पश्चिमी देशहरूमा पनि लोकप्रिय बनेको छ र पारम्परिक औषधिको कुनै असरविना दीर्घकालीन समस्याहरूको समाधान दिनसक्छ भन्ने विश्वासले यसको लोकप्रियता अझै बढ्दै गएको छ ।

साथै, प्रसिद्ध व्यक्तिहरूले अकुपञ्चरको प्रयोग गरेपछि आफ्नो अनुभव व्यक्त गर्न थालेपछि यसको विश्वसनीयता र पहुँच पनि बढेको छ । विभिन्न अस्पताल र स्वास्थ्य केन्द्रहरूले अकुपञ्चर सेवा उपलब्ध गराउन थालेपछि यो सहजरूपमा पहुँचयोग्य बनेको छ, जसले यसको लोकप्रियतालाई थप बल प्रदान गरेको छ ।

नेपालमा अकुपञ्चर सेवाको विकाससँगै औपचारिक शिक्षा र प्रशिक्षणमा देखापरेका प्रमुख समस्यामध्ये एक भनेको देशभित्र अकुपञ्चर शिक्षाका लागि कुनै विशेष कलेज वा विश्वविद्यालयको अभाव हो । विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा दिनका लागि आवश्यक पूर्वाधार र पाठ्यक्रम विकास नहुनु ठूलो चुनौती बनेको छ । अकुपञ्चर अभ्यासका लागि औपचारिक शिक्षाको मान्यता नहुनाका कारण धेरै नेपाली विद्यार्थीहरूले चीन, दक्षिण कोरिया र जापानजस्ता मुलुकहरूमा गएर अध्ययन गर्नुपरेको छ, जसले आर्थिक र सांस्कृतिक चुनौती थप्दछ ।

विदेशमा शिक्षा प्राप्त गरेर फर्किएका विशेषज्ञहरूको प्रमाणीकरण प्रक्रिया भने अझै अस्पष्ट र जटिल रहेको छ । विदेशमा अध्ययन गरेका डाक्टरहरूले नेपालमा दर्ता गराउन र लाइसेन्स प्राप्त गर्न लामो समयसम्म प्रक्रियामा अड्किनुपर्ने हुन्छ । प्रमाणीकरणका क्रममा उनीहरूको योग्यता र दक्षतालाई ठोस रूपमा मूल्यांकन गर्ने प्रक्रिया स्पष्ट नभएकाले यो क्षेत्र व्यवस्थित हुन सकेको छैन । यसले अकुपञ्चर अभ्यास गर्ने योग्यतावान चिकित्सकहरूको प्रभावकारी सेवा प्रदान गर्नमा अवरोध खडा गरेको छ ।

यहाँको स्वास्थ्य मन्त्रालय र सम्बन्धित निकायहरूले अकुपञ्चरलाई व्यवस्थित गर्नका लागि ठोस मापदण्ड निर्माण गर्न आवश्यकता छ । विदेशमा अध्ययन गरेर फर्किएका डाक्टरहरूको योग्यता र अनुभवलाई मान्यता दिने सरल, छिटो र विश्वसनीय प्रक्रिया विकास गर्नु जरुरी देखिन्छ । यसले नीतिगत स्पष्टता ल्याएर अकुपञ्चरको गुणस्तरीय अभ्यासलाई प्रोत्साहन गर्ने छ र यो पद्धतिलाई संस्थागतरूपमा अगाडि बढाउन सहयोग पुर्‍याउने छ । साथै, आन्तरिकरूपमा शिक्षा प्राप्त गर्ने कार्यक्रमहरूको विकास गर्नसमेत प्राथमिकता दिइनुपर्ने छ, जसले नेपालभित्रै दक्ष जनशक्ति उत्पादनमा योगदान पुर्‍याउन सक्छ ।

हालसम्म अकुपञ्चर अभ्यासलाई कानुनीरूपमा मान्यता दिने कुनै विशेष ऐन वा नियमावलीको अभावले यस पद्धतिका गुणस्तर र पारदर्शितामा विभिन्न चुनौती देखापरेका छन् । कानुनी संरचनाको अभावले गर्दा अकुपञ्चर सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाहरूको प्रमाणीकरण, योग्यता मापदण्ड र सेवाको गुणस्तर सुनिश्चित गर्न समस्या परेको छ । कानुनी आधारविना, यो पद्धतिको दुरूपयोगको सम्भावना रहन्छ, जसले सेवाग्राहीहरूलाई ठगी र त्रुटिपूर्ण उपचारको जोखिममा पार्न सक्दछ ।

अकुपञ्चरलाई चिकित्सा सेवाका रूपमा कानुनी मान्यता दिनु अत्यावश्यक भइसकेको छ । कानुनी संरचनाले मात्र अकुपञ्चरको औपचारिकता र विश्वसनीयता सुनिश्चित गर्न सक्छ । यसले अभ्यास गर्ने विशेषज्ञहरूको योग्यता, दर्ता र लाइसेन्सिङ प्रक्रियालाई पारदर्शी र संगठित बनाउँछ, जसले अकुपञ्चर सेवाको गुणस्तर बढाउन र सर्वसाधारणमा यसको लोकप्रियता फैलाउन सहयोग पुर्‍याउने छ ।

स्वास्थ्य मन्त्रालयले आयुर्वेद, होमियोप्याथी र अन्य वैकल्पिक चिकित्सा विधिहरूसँगै अकुपञ्चरलाई पनि समान तहमा राखेर नीतिगत सुधार गर्नुपर्ने देखिन्छ । यसका लागि एकीकृत शिक्षा, अभ्यास, र अनुसन्धानको संरचना तयार पार्न जरुरी छ । अकुपञ्चरलाई वैकल्पिक चिकित्सा प्रणालीमा आधिकारिकरूपमा समावेश गरिएमा यस विधिको अनुसन्धानलाई प्रोत्साहन दिने, विशेषज्ञहरूको प्रशिक्षणलाई सुव्यवस्थित गर्ने र जनमानसलाई गुणस्तरीय सेवा उपलब्ध गराउने अवसर मिल्ने छ ।

अकुपञ्चरप्रति सर्वसाधारणमा अझै पनि केही हदसम्म गलत धारणाहरू देखिन्छन् । धेरैजसोले यसलाई केवल परम्परागत वा धार्मिक उपचारका रूपमा मात्र हेर्ने गरेका छन् । यसले गर्दा यसको वास्तविक विज्ञानमा आधारित पक्ष र प्रमाणित प्रभावकारितालाई नजरअन्दाज गरिएको छ । कतिपय मानिसहरू अकुपञ्चरलाई वैज्ञानिकरूपमा प्रमाणित नभएको र वैकल्पिक उपचारका रूपमा मात्र लिने प्रवृत्ति देखिन्छ तर पछिल्ला वर्षहरूमा विश्वभरिका अध्ययनहरूले अकुपञ्चरको वैज्ञानिक आधार पुष्टि गर्दै आएका छन्, विशेषगरी पीडा व्यवस्थापन, तनाव निवारण र अन्य स्वास्थ्य समस्याहरूमा यसको सकारात्मक प्रभाव प्रमाणित भएको छ ।

जनचेतना अभावका कारण यस्तो गलत धारणा अझै कायम छ । यसलाई सुधार गर्नका लागि व्यापक जनचेतना कार्यक्रमहरू आवश्यक छ । यसले अकुपञ्चरको वैज्ञानिक आधार र यसको प्रभावकारितालाई सर्वसाधारणसमक्ष पुर्‍याउन सक्दछ । प्रचारप्रसार र सही जानकारीको अभावमा यो चिकित्सा पद्धतिको वास्तविक फाइदा बुझ्न नसक्ने अवस्था रहेको छ ।

स्थानीयस्तरमासमेत अकुपञ्चर सेवा प्रदायकहरूलाई सही तालिम दिनु अत्यन्त महत्त्वपूर्ण छ । तालिमप्राप्त विशेषज्ञहरूमार्फत मात्र गुणस्तरीय सेवा प्रदान गरिनुपर्छ भन्ने धारणा स्थापित गर्नुपर्छ । तालिम र प्रमाणीकरण बिना सेवा प्रदान गर्ने व्यक्तिहरूको कारणले बिरामीहरूले गलत सेवा प्राप्त गर्ने जोखिम हुन्छ । योग्यतावान् विशेषज्ञहरूले मात्र यो सेवा दिनुपर्ने बाध्यता राखेर सेवाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसले अकुपञ्चरलाई व्यापकरूपमा फैलाउन र सर्वसाधारणमा यसको सही जानकारी पुर्‍याउन सहयोग पुग्ने छ ।

### भविष्यको सम्भावना र आवश्यक सुधारहरू

नेपालमा अकुपञ्चरको भविष्य वास्तवमै उज्ज्वल देखिन्छ, किनकि यो प्राकृतिक र वैकल्पिक चिकित्सा विधिका रूपमा जनस्तरमा स्वीकृति पाउँदै छ । दीर्घकालीन स्वास्थ्य समस्याहरूको रोकथाम, उपचार र पुनःस्थापनामा अकुपञ्चरको भूमिका महत्त्वपूर्ण बन्न सक्छ । यसको प्रभावकारितालाई बुझ्दै, नीतिगत सुधार र संस्थागत संरचना विकास गर्नु अत्यावश्यक छ । नेपालमा अकुपञ्चरको अभ्यासलाई कानुनी मान्यता दिएर, शिक्षा र प्रशिक्षणको मापदण्ड विकास गर्दै योग्य विशेषज्ञहरू उत्पादन गर्न स्वास्थ्य मन्त्रालय, चिकित्सा संस्थाहरू र विशेषज्ञहरूबीच सहकार्य आवश्यक छ ।

जनचेतनामा सुधार ल्याउनु र सही जानकारी सम्प्रेषण गर्नु महत्त्वपूर्ण छ, ताकि अकुपञ्चरको वैज्ञानिक पक्ष र चिकित्सकीय लाभ सर्वसाधारणले बुझ्न सकून् । सरकारी र निजी क्षेत्रले ग्रामीण र दुर्गम क्षेत्रहरूमा पनि यो सेवा विस्तार गर्न पहल लिनुपर्छ, जसले गर्दा सहरी र ग्रामीण सबै क्षेत्रका जनताले समान सेवा पाउन सकून् । यसले अकुपञ्चरको पहुँच बढाउनाका साथै यस पद्धतिको स्थायित्व र लोकप्रियतामा सहयोग पुग्ने छ । *रासस*

***(लेखक ब्लू लोटस हेल्थ होममा कार्यरत छन्)***



**देवगण टोली** | कोजाग्रत पूर्णिमाका अवसरमा बुधबार राष्ट्रपति रामचन्द्र पौडेल भक्तपुरको नवदुर्गा मन्दिरमा आउने क्रममा मन्दिरमा लामबद्ध देवगणहरू । *तस्बिरः रमेश गिरी/रासस*

# 'प्रहरी समायोजन नहुँदा प्रदेश सरकारको कामकारबाहीमा समस्या'

**गण्डकी (प्रस)–** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रहरी समायोजन नहुँदा प्रदेश सरकारलाई आफ्नो कार्यसम्पादन गर्न समस्या भएको बताएका छन् । गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराद्वारा ६९औं प्रहरी दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रममा उनले प्रहरी समायोजन नहुँदाको यसको असर प्रदेश सरकारको कामकारबाहीमा पनि परेको बताए ।

'गण्डकी प्रदेश सरकारले आफू मातहत नभए पनि प्रदेशभित्रका नागरिकको सुरक्षा, सेवा गरिरहेको सुरक्षाकर्मीलाई सहयोग गर्नेगरी कार्यक्रम र बजेट विनियोजन गरेको छ,' उनले भने, 'प्रहरीलाई मात्रै यस वर्ष कार्यान्वयन हुने प्रहरी चौकीहरू निर्माण, तालिम केन्द्रको संरचना, प्रहरी अस्पतालको भौतिक संरचना निर्माण सिसिटिभी जडान, घेराबार र चौकीहरूको भौतिक पूर्वाधारका योजनामा १३ करोड ९५ लाख बजेट विनियोजन गरिएको छ ।'

सुरक्षाकर्मीलाई साधन स्रोत सम्पन्न बनाउन, आधुनिक प्रविधिसँग दक्ष बनाउन राज्यले अहिले भइरहेको भन्दा लगानी बढाउनुपर्ने आवश्यकता रहेको उनले बताए । गत वर्ष कार्यक्रम ढिलागरी स्वीकृत हुँदा कार्यान्वयनमा समस्या भएको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले यस वर्ष संघको अर्थ र गृह मन्त्रालयबाट स्वीकृत भई प्रदेशको अर्थ मन्त्रालयले पनि स्वीकृत प्रदान गरिसकेका कारण कार्यक्रम कार्यान्वयनको चरणमा अघि बढिसकेको बताए ।

भौतिक पूर्वाधारलगायत योजनामा गत वर्ष प्रहरीका लागि प्रदेश सरकारले १६ करोड रूपैयाँ विनियोजन गरेको बताउँदै उनले सीमित साधन स्रोत र प्रदेश सरकारको बजेट नै गत वर्षभन्दा घटेकाले यस वर्ष केही कम भए पनि प्राथमिकताका आधारमा प्रहरीको मागअनुसारकै बजेट विनियोजन गर्दै आएको बताए । खोज तथा उद्धारमा प्रयोग हुने विपद् सामग्री हस्तान्तरण, तालिम, अभ्यास, सचेतनामूलक कार्यक्रम, लागुऔषध दुर्व्यसनी न्यूनीकरणका कार्यक्रम प्रदेश सरकारको सहयोगमा सञ्चालन हुँदै आएको बताउँदै उनले यसबाट केही हदसम्म प्रहरीको मनोबल उच्च राख्न र संगठनलाई चलायमान बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको बताए ।

प्रहरीलाई राज्य र आमनागरिकलाई शान्ति सुरक्षा दिनुपर्ने गहन जिम्मेवारी रहेका कारण सुरक्षाकर्मीसँग नागरिकको अपेक्षा धेरै रहेको भन्दै मुख्यमन्त्री पाण्डेले बताए । 'प्रहरी कार्यालयमा आफ्ना पीरमर्का लिएर आउने सेवाग्राहीको गुनासो वा विवरण राम्रोसँग सुनिदिने र कार्यान्वयनमा जटिलता तथा झन्झट पैदा नगर्ने, पटक-पटक कार्यालय धाइरहनुपर्ने वातावरणबाट मुक्ति दिने, नागरिकहरूसँग शिष्ट व्यवहार गर्ने, आपत्कालीन सहयोग गर्नेजस्ता मानवीय कार्यलाई प्राथमिकता दिँदै अघि बढ्न सकेमा प्रहरीबाट नागरिकमा अझै प्रभावकारी सेवा पुग्ने देखिन्छ,' उनले भने ।

देशमा शान्तिसुरक्षा कायम राख्ने सवालमा मात्र नभई विपत्का समयमा पनि नेपालमा सुरक्षा संयन्त्रहरूले निर्वाह गर्दै आएको भूमिकाको उनले प्रशंसा गरे । हरेक विपद्का समयमा राज्यको पहिलो उपस्थितीको प्रतिनिधित्व सुरक्षाकर्मीले गर्दै आएको भन्दै उनले प्रहरी दिवस आमनागरिकको दिवस बन्नसक्ने कामना गरे ।

गण्डकी प्रदेश प्रहरी प्रमुख प्रनामनि दुर्गा सिंहले कर्तव्य परायणता र जिम्मेवारीलाई आत्मसात् गर्दै प्रहरी संगठन देश र जनताको सुरक्षार्थ निरन्तर खटिरहेको बताए । जनमुखी, पारदर्शी र नागरिकमैत्री प्रहरी छवि कायम गराउनेमा निरन्तर लागिरहेको प्रहरी संगठन सीमित साधन र स्रोतका बाबजुद पनि क्रियाशील बनिरहेको उनले बताए ।

गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रका प्रमुख मुकुन्द मरासिनीले राज्यको कानुन कार्यान्वयन गराउनेमा प्रहरी संगठन निरन्तर लागिरहेको धारणा राखे ।


**स्कुटर हराएको सूचना**

मिति २०८१।०६।२१ गते सुनसरी जिल्ला, धरान-१५ सयपत्री मार्ग रहेको घरनजिक पार्किङमा राखेको अवस्थामा ग्रे कलरको होन्डा कम्पनीको Dio DX स्कुटर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

धनीको नाम : शरद राई
स्कुटर नं.: प्र. ०२-०५२ प ९८२४
च्यासिस नं.: MD4JF39LHPD 018246
इन्जिन नं. : JF39ED 1082884
ठेगाना: धरान-१५, सयपत्रीमार्ग, धरान
सम्पर्क: ९८२५००५४५८

**राहदानी हराएको सूचना**

मिति २०८०।०५।०६ गते काठमाडौंको बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम: Sujan Gurung
पूरानो राहदानी नं.:- 05541285
ठेगाना:-Nalma, Beshisahar-5 Lamjung
सम्पर्क:- 9814152647, 9824163236


# बाढीपहिरोबाट विस्थापित परिवारको बास त्रिपालमुनि

**धुलिखेल–** तल बागमती खोला गड्गडाएर बगिरहेको छ । माथि रहेको डाँडामा त्रिपाल टाँगेर विस्थापित परिवार आफ्नो बगेको बस्ती भएको ठाउँ नियाल्दै दिन बिताइरहेका छन् । काभ्रेपलाञ्चोकको डाँडापारिस्थित खानीखोला गाउँपालिका-६ चनौटेका तामाङ बस्ती सबै बगाएपछि सो बस्तीका बासिन्दा माथिको लुइचेपाखामा त्रिपालको आश्रय लिएर बस्दै आएका छन् ।

बाढीले सबै बस्ती बगाएपछि चनौटेका फूलबहादुर रुम्बा लामा परिवारसहित माथि डाँडामा रहेको भूकम्पको भग्नावशेष भएको ठाउँमा त्रिपालको आश्रय लिएर कष्टकर जीवन बिताइरहेका छन् । खोलाले बगाएको आफ्नो चनौटे बस्ती हेर्दै अचेल दिनरात कटाउने गरेको १८ दिन भएको उनले बताए । असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षाका कारण घरखेत सबै बगाएपछि अहिले बस्तीमाथिको लुइचेपाखामा त्रिपालमुनि बस्दै आएका छ । चनौटेमा रहेको आठ घरसहित, आपसापको खेतबारी सबै बगाएपछि सो डाँडामा उनसँगै अरू छ परिवार एउटै त्रिपालमा आश्रय लिएर बस्दै आएका छन् ।

'असोज ११ गते रातिको बागमती खोलामा आएको बाढीले घर र खेतबारी सबै बगाएपछि हामी बिचल्लीमा छौं,' फूलबहादुरले भने, 'खोलाले बस्तीसँगै हाम्रो पहिचानसमेत बगाएको छ ।' १२ जनाको परिवार रहेको उनको सातजनाको नागरिकतालगायत सबै आवश्यक कागजात बाढीले बगाएको छ ।

बाढीले बगाएर घरबारविहीन भएपछि त्यहाँको बस्ती नै विस्थापित भएको छ । गाउँपालिकाले तत्कालका लागि आश्रयस्थलका लागि त्रिपाल, खाद्यान्न र ओढ्न कम्बललगायत सामग्री उपलब्ध गराएपछि त्यसैको साहारामा दिन बिताउँदै आएको उनीहरूको भनाइ छ । पहिला घर भएको ठाउँमा अहिले बागमती खोला बगिरहेको छ । सो ठाउँका भक्तबहादुर सिङतान, बुद्धबहादुर, प्रकाश, देवराज, साजन र विक्रम सिङतानका परिवार त्यही खोलाको बाढी पसेको चनौटे बस्ती हेर्दै खुला आकाशमुनि त्रिपालमुनि आश्रय लिएरहेका छन् ।

गाउँले जीवन, सम्पत्तिका नाममा रहेको त्यही सानो घर, नजिकै वस्तुभाउ र केही अन्नपात राख्न बनाएको धनसार, उन्न उब्जाउ गर्ने बारी र खेत बगाएपछि चनौटेको बस्ती नै विस्थापित भएको छ । बालबालिकासमेत बिचल्लीमा छन् । बाढीबाट विस्थापित ती परिवार अहिले माथि रहेको लुइचेपाखामा एउटै त्रिपालको अस्थायी बासस्थानमा गुजारा चलाउँदै आएका छन् ।

खानीखोला गाउँपालिका-६ का राजन अधिकारी सो ठाउँका विद्यालय जाने २६ बालबालिका अभिभावकसँगै त्रिपालमुनि बस्दै आएको बताए । 'नौ बालबालिका त एउटै त्रिपालमुनि बसेका छन्,' उनले भने ।

खानीखोला गाउँपालिका अध्यक्ष इन्द्रबहादुर थिङले खुलेखानी ड्यामबाट बगेको पानीले बागमती खोलामा आएको बाढीबाट खानीखोलाको दुईवटा बस्ती पूर्णरूपमा बगाएको बताए । त्यससँगै बाढीपहिरोले बगाएका कारण कतिपय परिवारको त पालिकाले वितरण गरेको त्रिपाल टाँग्ने जमिनसमेत छैन । अध्यक्ष थिङका अनुसार बाढीपहिरोबाट ३० भन्दा बढी खानेपानी आयोजनाका संरचना, सडक, सिँचाइ योजना, विद्यालय, लघुजलविद्युत् आयोजनालगायत संरचना ध्वस्त भएका छन् । *रासस*



## सहयोगको पर्खाइमा सुनसरीका बाढीपीडित

**सुनसरी (प्रस)–** हालैको अविरल वर्षाका कारण भोक्राहा नरसिंह गाउँपालिका-३ की ५० वर्षीया परमिला खत्वेको घरमा पाँच फिटसम्म पानी जमेको थियो । वर्षासँगै बाढी घरमा पसेपछि अन्नपात भेलमा बग्यो भने ओढ्ने-ओछ्याउने पनि लगातारको झरीले हप्तौंसम्म अखन पाएनन् । विपद्का बेला कसैले सहयोग नगरेको र तीन दिनसम्म भोकै बस्नुपरेको पीडा गहभरि आँसु पारेर उनले सुनाइन् ।

सोही स्थानकी कुमारी खत्वेको अवस्था पनि उस्तै रह्यो । सहायता सामग्री वितरणमा पालिकाले विभेद गरेकामा उनी क्रुद्ध छिन् । स्थानीय सरकारबाट सहयोग नपाउने परमिला र कुमारी खत्वे भोक्राहा नरसिंह गाउँपालिकाका प्रतिनिधि पात्र हुन् । नरसिंह गाउँपालिकाका अधिकांश बाढीपीडितले राज्यबाट सहायता नपाएको गुनासो गरेका छन् ।

राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रमले बाढीपीडितलाई प्रतिपरिवार १५ हजारका दरले वितरण गरेको भए पनि वास्तविक पीडितले उक्त रकम नपाएको भोक्राहा नरसिंह गाउँपालिका-७ का धीरेन्द्र कामैतले बताए । नदिएको भोक्राहा नरसिंह गाउँपालिका-७ का धीरेन्द्र कामैतले बताए ।

बाढीबाट पीडित नभएकालाई सहयोग गरेको भोक्राहा नरसिंह गाउँपालिका-७ का अर्का पीडित चमरु मण्डलले गुनासो गरे । पहुँचका आधारमा सहायता रकम वितरण गरिएको उनको दाबी छ ।

यसैबीच, बाढीपीडितले राज्यका कुनै निकायबाट सहयोग नपाएपछि भोक्राहा नरसिंह गाउँपालिका-३ नम्बर वडा कार्यालयमा सोमबार विरोध प्रदर्शन गरेका थिए । साथै, उनीहरूले वडा कार्यालयमा तालाबन्दी गरेको स्थानीय ताराचन मण्डलले बताए ।

वडाध्यक्ष धीरेन्द्रकुमार यादवले आन्दोलनमा उत्रेकालाई लाभग्राहीको नाम शुक्रबारसम्ममा उपलब्ध गराउने र वार्ताको माध्यमबाट समस्या समाधान गर्ने बताए । बाढीबाट भोक्राहा नरसिंह गाउँपालिकामा एक हजार २९३ घर प्रभावित भएका जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# दसैं बिदाले बढायो तनहुँमा आन्तरिक पर्यटक

**दमौली (तनहुँ)–** दसैंको बिदामा तनहुँका पर्यटकीय गन्तव्यस्थलमा आन्तरिक पर्यटकको चहलपहल बढेको छ । तनहुँका पर्यटकीय गन्तव्यस्थल बन्दीपुर, मानुङकोटमा पर्यटकको चहलपहल उल्लेख्य वृद्धि भएको छ ।

पछिल्ला केही वर्षमा दसैं बिदामा घुमघामको प्रचलनले पर्यटकीय स्थल आन्तरिक पर्यटकले भरिभराउ भएका छन् । बन्दीपुरमा यतिबेला स्वदेशीसँगै विदेशी पर्यटकको चाप बढेको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले जानकारी दिए । उनले भने, 'बन्दीपुरमा यो बेला पर्यटकको आगमन बढ्ने समय हो । दसैं बिदाका कारण आन्तरिक पर्यटकको उल्लेख्य सहभागिता छ । विदेशी पर्यटकको आगमनसमेत सुरु भएको छ ।'

नेपालका विभिन्न ठाउँबाट आन्तरिक पर्यटक बन्दीपुर आउने गरेका छन् । बन्दीपुरमा सञ्चालनमा आएको बन्दीपुर केबलकारले पनि बन्दीपुरमा पर्यटकको आकर्षण बढाएको छ । पृथ्वीराजमार्गसँगै जोडिएको केबलकारको बटम स्टेसनसम्म गाडीमा र त्यहाँबाट केबलकार चढेर आन्तरिक पर्यटक बन्दीपुर पुग्ने गरेका छन् ।

बन्दीपुर घुम्न आउनेमध्ये विशेषगरी चिनियाँ पर्यटकको संख्या बढी हुन्छ । गत वर्ष बन्दीपुरमा २६ देशबाट पर्यटक आएको तथ्यांक छ । बन्दीपुरमा जापान, चीन, इटाली, स्पेन, नेदरल्याण्ड, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अस्ट्रेलिया, बेलायत, आयरल्याण्ड, दक्षिण कोरिया, बेल्जियम, थाइल्याण्ड, ताइवान, स्वीटजरल्याण्ड, मलेसिया, होल्याण्ड, पोर्चुगल, चेक रिपब्लिक, इरान, भारत, ग्रिस र अर्जेन्टिनाका पर्यटक आएको जनाइएको छ ।

बन्दीपुर घुम्न आउने पर्यटकलाई पर्यटकीय गन्तव्यसम्म सहज पहुँच स्थापना गर्न बन्दीपुर गाउँपालिकाले १७ पर्यटकीय गन्तव्यको सूची सात भाषामा तयार गरेको छ । पर्यटकलाई यहाँका गन्तव्यबारे जानकारीहरू नेपाली, अंग्रेजी, चाइनिज, जापानिज, कोरियन, फ्रेन्चलगायतका भाषामा तयार पारिएको छ ।

बन्दीपुरको थानीमाई मन्दिर, मणि मुकुन्देश्वरी पर्खाल (मिनी ग्रेटवाल), विन्ध्यवासिनी मन्दिर, पद्म पुस्तकालय, पातलेद्वार गुफा, पहाड पानी, सहिद स्मारक पार्कलगायतका १७ पर्यटकीय गन्तव्यको सूचना फरक-फरक भाषामा तयार भएको छ ।

सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । जहाँबाट मनोरम हिमशृंखला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायतका हिमशृंखला देखिने भएकाले यहाँ पुग्ने जो कसैको मन लोभिने होटल व्यवसायी वैश गुरुङले जानकारी दिए ।

बन्दीपुरमा होटल संघसँग आबद्ध साना ठूला गरी ७७ होटल सञ्चालनमा छन् । बन्दीपुरमा ग्रीनपार्क, होटल दरबार हिमालय फेवा, गामघर, वोल्डईन, बन्दीपुर माउण्टेन रिसोर्ट, बन्दीपुर प्यालेस, मगर भिलेजलगायत होटल सञ्चालन छ ।

यसैगरी पछिल्लो समय व्यास नगरपालिका-५ मानुङकोटमा आन्तरिक पर्यटकको संख्या बढेको छ । मानुङकोटबाट बिहानै कुहिरोले ढपक्क ढाकेको दृश्य र सूर्योदय हेर्न पर्यटक आउन थालेको होटल व्यवसायी चुडामणि दाहालले जानकारी दिए । उनले भने, 'बिहानको समयमा चिसो बढेसँगै दमौली बजारलाई कुहिरोले ढपक्क ढाक्छ । उक्त दृश्य हेर्न आन्तरिक पर्यटक लालायित हुन्छन् ।'

मानुङकोटबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ । दमौली बजारलाई कुहिरोले ढाक्नुलाई पौराणिक कथासँग पनि जोडिएको छ । परापूर्वकालमा महर्षी वेदव्यासका पिता पराशर ऋषिले सत्यवतीसँग सम्भोग गर्न इच्छा प्रकट गर्दा लोकलाई पत्तो नहोस् भनेर कुहिरो उत्पन्न गराइदिएको धार्मिक किम्वदन्ती रहँदै आएको छ । *रासस*


**ETHICAL RECRUITMENT OPPORTUNITY FOR UAE!!!**
**न्यायोचित नियुक्ति अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: ABU DHABI NATIONAL HOTELS (CATERING), UAE
कम्पनी : अबु दाबी नेशनल होटल्स (क्याटरिङ), युएई

Pre Approval Date : 2024-01-24 पूर्व स्वीकृति मिति : २०८०/१०/१०
Post Advertisement Date : 2024-09-10 पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/२५
LT. No. 298709 एल टि नं. २९८७०९
चलानी नं. ६०२१३६९२ Invoice No. 60213692

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 230 | 229 | 800 | २९,३२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

The final interview will be conducted in the office on 25 & 26 Oct 2024
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ९ र १० गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रु.१५०० ।- रोजगारदाताले व्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कसले व्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले व्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईंलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पूर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफूजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE
श्रम इजाजत नं. ८२२/०६६/०६७

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

**कुवेतमा रोजगार** कम्पनी : IBN EL JABAL RESTAURANT
पूर्व स्वीकृति मिति : २०७९/११/१५ LT. No. 281781 चलानी नं. ६०२२५७३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 0 | 140 | ६१,३६३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | CLEANER (INDOOR) | 4 | 0 | 85 | ३७,२५६ | | | | | | | |
| 3 | waiter | 2 | 0 | 120 | ५२,५९७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ८ देखि १३ गते (24th-29th Oct. 2024) मा हुनेछ ।
KATHMANDU HEAD OFFICE 01-4620777, MANU GAUTAM 9803536046, SANTOSH MAHATO 9816632230, MANOJ 9802077086, NABRAJ NEUPANE 9851146938
INTERVIEW DATE FROM : 24th, OCT. 2024 To 29th OCT, 2024
INTERVIEW PLACE : JHAPA - SRIJANA POUDEL (982-5962215), SIRAHA - BIJAY YADAV (9816731599), JANAKPUR - SATISH SIR (9807648113), POKHARA - LAXMAN SIR (9812999145)
नोट : यस कम्पनीमा गार्डेनरको पनि माग भइ आएकोले यहाहरुले सम्पर्क गर्न सक्नु हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि: शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np




## 'ओ हेलो'मा प्रकृति र सायदको रोमान्स

अभिनेत्री तथा मोडल प्रकृति श्रेष्ठ र मोडल सायद श्रेष्ठको प्रेम र रोमान्सले भरिएको गीत 'ओ हेलो' सार्वजनिक भएको छ । अस्ट्रेलियाको मेलबर्नमा छायांकन गरिएको भिडियोमा सायद श्रेष्ठको कोरियोग्राफी छ । संजय सेन्चुरीको छायांकन, सम्पादन र निर्देशन रहेको भिडियो 'बाबा फिल्मस् प्रोडक्शन'बाट सार्वजनिक गरिएको हो । प्रेमिल शैलीको गीतमा गायिका टिका प्रसाई र गायक नीरज खतिवडाको स्वर छ । गीतका शब्द पुष्प लम्सालले कोरेका हुन् । गायक खतिवडाकै संगीत रहेको गीतको एरेन्ज रोशन मिश्रले गरेका हुन् ।





# 'गुन्युचोलो' अमेरिकाको प्रतिष्ठित तस्बिर फिल्म मार्केटमा छनोट

■ प्रभाव संवाददाता

**काठमाडौं–** लैंगिक अल्पसंख्यक पारालैंगिक पात्रको कथामा बनेको नेपाली फिल्म 'गुन्युचोलो' अमेरिकाको प्रतिष्ठित तस्बिर फिल्म मार्केटमा छनोट भएको छ ।


समुन्द्र भट्टले निर्देशन गरेको फिल्म अक्टोबर १५ देखि १८ सम्म अमेरिकाको सियाटलमा आयोजना हुने अमेरिकाको प्रतिष्ठित तस्बिर फिल्म मार्केटमा छनोट भएको हो । जहाँ अमेजन एमजीएम स्टुडियो, पिलर्स फण्ड, ब्लमहाउस एचबीओ, सीएए, क्रिएटिभ ल्याण्ड स्टुडियो जस्ता प्रतिष्ठित फिल्म संस्थाहरू पनि सहभागी हुनेछन् ।

यसवर्षदेखि फिल्म मार्केट पनि सुरु गर्न लागेको तस्बिर फिल्म मार्केटले दक्षिण एसियाली डायस्पोराका फिल्म निर्माता र सर्जकलाई लक्षित गर्दै उनीहरूलाई फिल्म विकास र वितरणका लागि आवश्यक स्रोतहरू प्रदान गर्ने उद्देश्य राखेको छ ।

तस्बिर फिल्म फेस्टिभलका संस्थापक र निर्देशक रीता मेहरले मार्केटको थालनीलाई निकै सकारात्मक मानेकी छिन् । उनले यस फेस्टिभललाई अस्कर योग्य दक्षिण एसियाली फिल्म फेस्टिभलको रूपमा हेर्दै फिल्म निर्माताहरूका लागि यो महत्वपूर्ण अवसर हुने बताएकी छन् ।

फिल्म 'गुन्युचोलो' मा नाजिर हुसेनको मुख्य भूमिका छ । फिल्ममा उनले पारालैंगिक महिला (ट्रान्सवुमन)को भूमिका निर्वाह गरेका छन् ।

यो भूमिका नेपाली सिनेमा जगतमा एक साहसी प्रयासको रूपमा हेरिएको छ। फिल्ममा नाजिरका साथ सञ्चिता लुइँटेल, सुशिल सिटौला, राजकुमार घोष, शिशिर राणा, अनुपम श्रेष्ठ र विशाल पहारीले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यो फिल्म भट्टको दोस्रो निर्देशकीय फिचर हो । यसअघि उनले 'आधा पेज' निर्देशन गरेकी थिइन् ।




नेपालको पहिलो पूर्ण रूपको ट्रान्स स्टोरीमा निर्मित यस फिल्मको अन्तर्राष्ट्रिय वितरण अधिकार अमेरिकाको बफेलो एट्लेले किनेको छ ।

चलचित्रको सम्पूर्ण पोस्ट प्रोडक्सनको काम बाहिर गरिएको हो। चलचित्रको एडिट, कलर, मिक्सिङ, साउन्ड डिजाइनदेखि ब्याकग्राउन्ड म्युजिकसम्मको काम हलिउड शैलीमा बाहिरै गरिएको छ । चलचित्रमा हलिउडकी कलाकार लिजा जेरार्डले स्वर दिएकी छिन् भने ब्याकग्राउन्ड म्युजिकको सम्पूर्ण काम मार्सेलो दी फ्रान्सिसीले गरेका छन्। २०२४ कै बहुप्रतीक्षित हलिउड चलचित्र 'ग्ल्याडिएटर- २' मा लिजाले स्वर दिएकी छिन् ।

यो चलचित्र नेपाली फिल्म प्रोडक्सन हाउस र हलिउड फिल्म प्रोड्क्सन हाउसको संयुक्त कोल्याबोरेसनमा बनेको हो। चलचित्रमा आकाश बुढाथोकी र भि-भन्से जानुबोनको लगानी छ। चलचित्रको कार्यकारी निर्माता जेफ्री जे वेन र स्टिभ जोन्स्टन हुन् भने अनुपम श्रेष्ठ चलचित्रका सहयोगी निर्माता हुन् ।

आलोक शुक्लाले खिचेको चलचित्रमा लेखु सहयात्रीको गीत रचना रहेको छ । यो फिल्मलाई फेस्टिभल सर्किटपछि नेपालमा प्रदर्शन गरिने निर्देशक भट्टले जानकारी दिइन् ।

# 'बेहुली फ्रम मेघौली' हलबाट उतार्ने बस्नेतको घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** चर्चित फिल्म निर्माता निर्देशक एवम कलाकार निश्चल बस्नेतले आफ्नो फिल्म बेहुली फ्रम मेघौली सिनेमा हलबाट उतार्ने घोषणा गरेका छन् । बस्नेतले विहिबारदेखि सिनेमा हलबाट फिल्म हटाउने घोषणा गरेका हुन् ।

यस अघि उनले सिनेमा हलले दर्शकको साथ नहुँदा पनि हिन्दी फिल्मलाई शो दिएको तर आफ्नो फिल्मलाई कम शो दिएको भन्दै हलको विकल्प खोज्ने बताएका थिए ।

उनले भनेका छन्- 'हलमा हेरीदिनुहुने सबै दर्शकहरूलाई धेरै धेरै धन्यबाद । सम्मानजनक शो उपलब्ध गराउनुभएकोमा क्युएफएक्स सिनेमाजलाई धेरै धेरै धन्यवाद । भोलीबाट हाम्रो फिल्म नेपालको सबै हलबाट हामीले नलगाउने निर्णय गरेका छौं । ओटीपीको समस्या समाधान गर्दै अब चाडै भेट्नेछौं एमएसएम भिडियो मार्फत । एप डाउनलोड



गर्दै गर्नुस है । अमेरिका, जापान, क्यानडा र सिंगापुरमा चै यो यो मा उपलब्ध हुनेछैन ।'

अहिले सिनेमा हलमा बस्नेतको यो फिल्मसहित छक्का पन्जा-५, घर ज्वाई र १२ गाउँ चलिरहेका छन् । बस्नेतको संकेत अब नेपाली फिल्मलाई ओटीटी प्लेटफर्ममा रिलिज गर्ने तर्फ रहेको बताइएको छ । अहिले पनि विभिन्न ओटीटीमा नेपाली फिल्म रिलिज गर्ने गरिएको भए पनि त्यसको बजार विस्तार नहुँदा सिमित दर्शकसम्म मात्र पुग्ने गरेको छ ।

# 'फेरि रेसम फिलिलि'को छायांकन सुरू

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'फेरि रेसम फिलिलि' को छायाङ्कन सुरु भएको छ । सोमबारबाट फिल्मको छायाङ्कन सुरु गरेको निर्माता रौनकविक्रम कँडेलले जानकारी दिए ।

लेखन तथा निर्देशन निरोज महर्जनको रहने फिल्ममा विनय श्रेष्ठ, कामेश्वर चौरसिया, सुपुष्पा भट्ट, नीर शाह, रवीन्द्र झा, प्रकाश घिमिरे, लक्ष्मी गिरी, महेश त्रिपाठी, एलनराज उप्रेतीलगायत कालाकारको



अभिनय रहनेछ ।

रौनक विक्रम कँडेल निर्माता रहेको फिल्मको कार्यकारी निर्माता सुरज बम ठकुरी हुन् । सिनेमा आर्टसको प्रस्तुति रहने फिल्म दि मोसन पिक्चर्सको सहकार्यमा बन्न लागेको हो ।

सुजन प्रजापतिको छायाङ्कन, सुरेन्द्र पौडेलको सम्पादन रहने फिल्ममा पटकथा निरोज महर्जन र आकाश बरालको छ । कालीप्रसाद बास्कोटा, एसीडी योगी, हर्क साउद, कल्याण सिंह, जयन वाइबा र दीपक शर्माको सङ्गीत फिल्ममा रहने छ ।



**महिला साफ च्याम्पियनसिप**

# उद्घाटन खेलमा भारत र पाकिस्तान भिड्दै




■ प्रभाव संवाददाता

**काठमाडौं–** महिला साफ च्याम्पियनसिप आजदेखि सुरु हुँदैछ । प्रतियोगिताको पूर्वसन्ध्यामा नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान एञ्जिला तुम्बाप्पो सुब्बाले आफ्नो टोली सन्तुलित र बलियो रहेकाले साफ च्याम्पियनसिपमा च्याम्पियन बन्ने लक्ष्य रहेको बताएकी छन् ।

नेपालले तेस्रोपल्ट महिला साफ च्याम्पियनसिपको आयोजना गर्दैछ। बिहीबारदेखि घरेलु मैदानमा हुने साफ च्याम्पियनसिपमा नेपाली टोलीकी कप्तान तथा गोलकिपर एञ्जिलाले च्याम्पियन हुने लक्ष्य रहेको बताइन् ।

बिहीबार भारतले पाकिस्तानविरुद्ध खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ । तर, समूह 'बी' मा रहेको साबिक उपविजेता नेपालको भने पहिलो प्रतिद्वन्द्वी हुनेछ, भुटान । यी दुई टोली त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शुक्रबार आमनेसामने हुनेछन् । नेपाली महिला टोलीले भुटानविरुद्ध कहिल्यै हार बेहोर्न परेको छैन ।

### नेपाली महिला टिम

**गोलकिपर**: अन्जिला तुम्बापो सुब्बा (सी), अञ्जना राना मगर र उषा नाथ ।

**डिफेन्डर**: गीता राणा, अमृता जैसी, समिच्छ घिमिरे, निशा थोकर, पूजा राणा, विमला विक, हिरा कुमारी भुजेल र सजनी थोकर ।

**मिडफिल्डर**: रेणुका नगरकोटे, प्रीति राई, सरु लिम्बु, दिपा शाही, सविता राना मगर, अनिता बस्नेत, अमिषा कार्की र विमला चौधरी ।

**फरवार्ड**: रश्मीकुमारी घिसिङ, अनिता केसी, रेखा पौडेल र सावित्रा भण्डारी ।

भुटानले ग्रास्ट रुटदेखि नै महिला फुटबललाई विशेष प्रथामिकतामा राख्दै यसपटक युवा टोली लिएर काठमाडौं आएको छ । तर, नेपाली टोलीमा भने उहीँ पुराना खेलाडी छन् ।

नेपाल रहेको समूहमा भुटानसँगै माल्दिभ्स र श्रीलंका पनि छन् । यी टोलीको चुनौती पार गर्न उनी सावित्रा भण्डारी र रेखा पौडेलमा अत्याधिक निर्भर छन् । सावित्राले साफमा नेपालका लागि १९ गोल गरिसकेकी छन् । उनी भुटानविरुद्धको खेलमा उपस्थित हुने छैनन् । रेखा भने बुधबार नै दुबईबाट नेपाल आइपुगेकी छन् ।

# तीन पूर्वक्रिकेटरलाई 'आइसिसी हल अफ फेम' सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसीले तीन पूर्वक्रिकेटरलाई 'आइसिसी हल अफ फेम' सम्मान दिएको छ ।

आइसिसीले बुधबार दक्षिण अफ्रिकाका एबी डिभीलियर, इङल्याण्डका एलस्टर कुक र भारतकी नितु डेभिडलाई 'आइसिसी हल अफ फेम' सम्मान दिएको हो ।

डिभीलियर्सले दक्षिण अफ्रिकाका लागि ११४ टेस्ट, २२८ एकदिवसीय र ७८ टी-२० खेल खेलेका छन् । उनले टेस्ट क्रिकेटमा ८ हजार ७६५। एकदिवसीय खेलमा ९ हजार ५७७ र टी-२० मा १६७२ रन बनाएका छन् ।

त्यस्तै इंग्ल्याण्डका पूर्व खेलाडी कुकले १६१ टेस्टमा १२ हजार ४७२ रनम ९२ एकदिवसीय खेलमा ३ हजार २०४ रन र ४ टी-२० मा ६१ रन बनाएका थिए ।

त्यसैगरी भारतकी नितु डेभिडले १० टेस्टमा ४१ विकेट लिएकी छन् भने ९७ एकदिवसीय खेलमा १४१ विकेट लिएकी थिइन् ।

आइसिसीले हरेक वर्ष आ-आफ्नो देशबाट विशिष्ट योगदान गरेका क्रिकेटरलाई 'आइसिसी




हल अफ फेम' बाट सम्मान गर्ने गरेको छ । अहिलेसम्म विश्वका कुल ११५ क्रिकेटरले यो सम्मान पाएका छन् ।

अहिलेसम्म सबैभन्दा बढी इंग्ल्याण्डका ३३ क्रिकेटरले 'आइसिसी हल अफ फेम'मा स्थान बनाएका छन् भने अस्ट्रेलियाका २९, वेस्ट इन्डिजका २१, भारतका १०, पाकिस्तान र दक्षिण अफ्रिकाका ७-७, श्रीलंकाका ४, न्युजिल्याण्डका ३ र जिम्बाबेका एक खेलाडी यस सूचीमा रहेका छन् ।

आइसिसीले २००९ देखि 'आइसिसी हल अफ फेम' सम्मान घोषणा गर्न थालेको हो ।

# मार्सल आर्ट्समा नेपाललाई तीन पदक

■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिओ वर्ल्ड कम्ब्याट मार्सल आर्ट्स च्याम्पियन्सिपमा नेपाली खेलाडीले २ स्वर्ण र १ कांस्य गरी ३ पदक जितेका छन् ।

जर्मनीको फ्रेङफर्टमा भएको प्रतियोगितामा निराजन मुक्तानले दोहोरो स्वर्ण जित्दा इजिकेल परियारले कांस्य जितेको नेपाल उमा कुङफु संघका महासचिव भूपेन्द्र गुरुङले जनाएका छन् ।

महासचिव गुरुङका अनुसार निराजनले किक बक्सिङको पुरुष ६० केजीमुनि फाइनलमा इङल्यान्डका खेलाडीलाई पराजित गरी स्वर्ण जिते । त्यसअघि उनले फ्रान्स, जर्मनी र युक्रेनका खेलाडीलाई हराएका थिए ।

निराजनले अर्को स्वर्ण चाइनिज फम्सको नान् छ्वानमा जितेका हुन् । यो स्पर्धामा निराजनले जर्मनी, युक्रेन, साइप्रस, इङल्यान्ड र स्कोटल्यान्डका खेलाडीलाई पछि पारेका थिए ।

इजिकेलले किक बक्सिङको पुरुष ७०-७५ केजीमा कांस्य हात पारे । इजिकेल सेमिफाइनलमा जर्मनीका खेलाडीसँग पराजित भएका थिए । अघिल्ला चरणमा भाइब बक्सिङ क्लबका प्रशिक्षक समेत रहेका इजिकेलले इङल्यान्ड र स्कोटल्यान्डका खेलाडीलाई पाखा लगाएका थिए ।

इन्टरनेसनल कम्ब्याट अर्गनाइजेसन (आइसिओ), जर्मनीको आयोजनामा भएको प्रतियोगितामा विभिन्न ३० राष्ट्रका ७ सय ५ खेलाडीको सहभागिता रहेको आदिवासी खेलकुद संघ नेपालका अध्यक्ष समेत रहेका महासचिव गुरुङले जनाएका छन् ।

# नोबेल पुरस्कार विजेता हानद्वारा लिखित पुस्तक १० लाख प्रति बिक्री




**सियोल–** साहित्यतर्फको नोबेल पुरस्कार प्राप्त गर्ने पहिलो दक्षिण कोरियाली हान कङले लेखेका विभिन्न पुस्तकका १० लाख प्रतिभन्दा बढी पुस्तक स्थानीयस्तरमा बिक्री भएको कोरियाली पुस्तक बिक्रेताले बुधबार जनाएको छ ।

लघु कथाकार र उपन्यासकार हानको म्यान बुकर पुरस्कार विजेता 'द भेजिटेरियन'का लागि उनी विदेशमा परिचित छन् । उनको 'द भेजिटेरियन' अंग्रेजीमा अनुवाद गरिएको पहिलो उपन्यास हो ।

नोबेल पुरस्कार जित्ने पहिलो एसियाली महिला लेखिकासमेत बनेकी ५३ वर्षीया लेखिकालाई 'ऐतिहासिक आघातको सामना गर्ने र मानव जीवनको नाजुकता उजागर गर्ने गहन काव्यात्मक गद्यका लागि' छनोट गरिएको स्वीडिस एकेडेमीले गत साता जनाएको थियो । हानले नोबेल पुरस्कार जितेको घोषणापछि दक्षिण कोरियामा उनका कृति र उनको लेखन शैलीबारे सनसनी मच्चिएको छ ।

नोबेल पुरस्कार घोषणापछि प्रमुख पुस्तक पसल र प्रकाशन गृहहरूको वेबसाइटहरूमा उनका कृतिहरूको माग ह्वात्तै बढेको थियो । दशौं हजार मानिसहरूले उनका कृतिको माग गर्न थालेपछि बजारमा उनका कृतिहरूको अभाव देखिएको छ । गत बिहीबारको नोबेल घोषणापछि बुधबार बिहानसम्म ई-बुकसहित कम्तीमा १० लाख ६० हजार प्रति बिक्री भइसकेको तीन प्रमुख पुस्तक पसल तथा अनलाइन खुद्रा बिक्रेता क्योबो, अलादिन र येस २४ ले एएफपीलाई बताएका छन् ।

क्योबोका प्रवक्ता किम ह्युन जुङले एएफपीसँग भने, 'हानका पुस्तकहरू अत्यधिक बिक्री भइरहेको अनुभव भएको छ । यो अवस्था हामीले यसअघि कहिल्यै देखेका थिएनौं ।'

अनलाइन पुस्तक पसल अलादिनका अनुसार हानले नोबेल पुरस्कार विजयपछि गत वर्षको अब्टुबर १५ सम्मको तुलनामा उनका पुस्तकको बिक्रीमा एक हजार २०० गुणाले वृद्धि भएको छ, साथै, समग्र दक्षिण कोरियाली साहित्यको बिक्रीमा नाटकीयरूपमा वृद्धि भएको छ ।

उनलाई सहित्यतर्फको नोबेल पुरस्कार दिने घोषणासँगै कोरियाली साहित्यको समग्र बिक्री अघिल्लो वर्षको तुलनामा १२ गुणाले वृद्धि भएको छ । हालसालै हानले पढेको उल्लेख गरेका जुडिथ शालान्स्कीको 'इन्भेन्ट्री अफ लस' र ज्याँ ज्याक रुसोको 'एटलस डे बोटानिक एलेनटेरियल' नामक दुई पुस्तकको बिक्री पनि बढेको अलादिनले बताएको छ ।

क्योबो बुक सेन्टरले आफूसँग यकीन तथ्यांक नभए पनि हानका पुस्तकहरू अन्य नोबेल पुरस्कार विजेताहरूको तुलनामा नाटकीयरूपमा बढी बिक्री भएको जनाएको छ । क्योबोका कर्मचारीले एएफपीसँग भने, 'हामी केही समयदेखि प्रकाशन उद्योगमा छौं, तर यो सम्पूर्ण अवस्था हामीमध्ये केहीलाई पनि असाध्यै अवास्तविक लाग्छ ।'

दक्षिण कोरियालीहरू यो समाचारले अति हर्षित भएका छन् । हानले उच्च शिक्षा हासिल गरेको सियोलको योन्सेई विश्वविद्यालयमा हानको प्रशंसा गर्दै ब्यानरहरू टाँगिएका छन् । ब्यानरमा हानले नोबेल पुरस्कार जितेकोमा खुसी व्यक्त गर्दै लेखिएको छ, 'साहित्यमा नोबेल पुरस्कार जितेकोमा पूर्वछात्र हान काङलाई बधाई छ, योन्सेई विश्वविद्यालय उनलाई आफ्नो पूर्वविद्यार्थी भनेर चिनाउन पाउँदा गोरवान्वित बनेको छ ।'

उनको गृहनगर ग्वाङ्जुमा सन् १९८० मा एउटा नरसंहार भएको थियो जसले हानको प्रशंसित उपन्यास 'ह्युमन एक्ट्स'लेख्न उनलाई प्रेरित गरेको थियो । हानका पुस्तकहरूको माग पूरा गर्न केही छापाखानाहरूले सप्ताहन्तमा पूर्णक्षमतामा सञ्चालन गरिरहेको स्थानीय रिपोर्टहरूले जनाएका छन् ।

'सन् २००६ मा कम्पनीमा आबद्ध भएदेखि म यति धेरै व्यस्त कहिल्यै भएको थिइनँ,' अलादिनका एक कर्मचारीले एएफपीसँग भने, 'यो सबै धेरै खुसीको कुरा भएको छ ।' *रासस/एएफपी*



पूर्वी चीनको झेजियाङ प्रान्तको निङ्बोमा आयोजित छैटौं विश्व बौद्ध मञ्चको उद्घाटन समारोह । मंगलबार यहाँ सुरु भएको फोरममा ७२ देश र क्षेत्रका बौद्ध समुदायका करिब ८०० प्रतिनिधि, विज्ञ र विद्वानहरू सहभागी थिए । *तस्बिरः सिन्ह्वा*

# १२ देशका २० लाख बालबालिकामा कुपोषणको गम्भीर समस्या : युनिसेफ

**न्युयोर्क, अमेरिका–** विश्वका विभिन्न मुलुकका २० लाख बालबालिका कोषको अभावका कारण गम्भीर कुपोषणको जोखिममा रहेको युनिसेफले जनाएको छ । युनिसेफका अनुसार पाकिस्तानसहित १२ देशमा जीवनरक्षाका लागि कोषको अभावका कारण बालबालिकाले मृत्युको उच्च जोखिमको सामना गरिरहेका छन् । सन् २०२५ को मध्यसम्ममा प्रभावित देशको खाद्यान्न समाप्त हुनसक्ने चेतावनीसमेत युनिसेफले दिएको छ ।

तयारी अवस्थामा रहेको खानाका लागि कोषको अभावले प्रभावित देशमा बालबालिका उपचारको जोखिममा परेको अनुमान गरिएको छ । माली, नाइजेरिया, नाइजर र चाड लगायतका देशले यसअघि नै तयारी अवस्थामा रहेको खानाका लागि भण्डारण सकिएको बताएका छन् । क्यामरुन, पाकिस्तान, सुडान, मेडागास्कर, दक्षिण सुडान, केन्या, कंगो लोकतान्त्रिक गणतन्त्र र युगान्डामा सन् २०२५ को मध्यसम्ममा स्टक समाप्त हुनसक्ने युनिसेफले जनाएको छ ।

आर्थिक मन्दी र जलवायु परिवर्तनका कारण धेरै देशहरूमा पाँच वर्ष मुनिका बालबालिकामा गम्भीर कुपोषणको समस्या बढेको छ । युनिसेफका अनुसार पौष्टिक र सुरक्षित खानाको अभाव र बारम्बार रोगको कारणले हुने खतराबाट पीडित बच्चामा दुब्लो पातलो र प्रतिरक्षा प्रणाली कमजोर हुनाले वृद्धिमा कमी हुनुका साथै मृत्युको जोखिम हुने गर्छ ।

युनिसेफका बाल पोषण तथा विकास निर्देशक भिक्टर एगुयोले गम्भीर कुपोषणविरुद्ध संघर्ष गरिरहेका करिब २० लाख बालबालिकाको ज्यान बचाउन तत्काल कदम चाल्न आह्वान गरेका छन् । विगत दुई वर्षमा विश्वव्यापी द्वन्द्व, जलवायु र आर्थिक मन्दीको परिणामस्वरूप मातृ तथा बाल पोषणबाट प्रभावित देशहरूमा बाल कुपोषण र यससँग सम्बन्धित मृत्युदरलाई नियन्त्रण गर्न पोषण कार्यक्रमको मापनलाई अनुमति दिएको एगुयोले बताएका छन् ।

यस मुद्दालाई सम्बोधन गरी बालबालिकाको ज्यान बचाउन आहार, उपचार र हेरचाह कोषका लागि नवीकरण गरिएको युनिसेफले जनाएको छ । 'नो टाइम टु वेस्ट २०२४ अपडेट एन्ड कल टु अर्जेन्ट एक्सन' मा १६ करोड ५० लाख अमेरिकी डलर सहयोगको आह्वान गरिएको छ ।

यसअघि पनि सन् २०२२ मा युनिसेफले १५ वटा प्रभावित देशमा करिब ८० लाख बालबालिकामा कुपोषणलाई सम्बोधन गर्ने उद्देश्यले 'नो टाइम टु वेस्ट एक्सेलेरेसन प्लान' सुरु गरेको थियो । *रासस/एएनआई*

# जापानमा बर्डफ्लु संक्रमणपछि उच्च सतर्कता

**टोकियो–** जापानको होक्काइदो क्षेत्रका दुई नगरमा जंगली पक्षीहरूमा अत्यधिक संक्रामक एभियन इन्फ्लुएन्जा (बर्ड फ्लु) फेला परेको भन्दै जोखिम न्यूनीकरणका लागि राष्ट्रव्यापीरूपमा चेतावनी जारी गरिएको छ । जापानको वातावरण मन्त्रालयले होक्काइदोमा दुई फरक-फरक स्थानमा भाइरस फेला परेपछि यो निर्णय गरिएको जनाएको छ । मन्त्रालयका अनुसार, सेप्टेम्बर ३० मा ओटोब नगरमा एउटा मृत बाजमा र अक्टोबर ८ मा बेतसुकाई नगरमा जंगली हाँसको समूहमा भाइरस फेला परेको थियो ।

अधिकारीहरूले देशभरका जंगली चराहरूको कडा निगरानी गर्न आह्वान गरिरहेका छन् । बर्डफ्लुले सामान्यतया संक्रमित पक्षीसँग अत्यधिक सम्पर्कमा नआएसम्म मानिसमा खतरा उत्पन्न नगर्ने भए तापनि मृत चरा नछुन र चराको शंकास्पद मृत्युबारे कुनै पनि जानकारी स्थानीय अधिकारीलाई दिन सर्वसाधारणलाई आग्रह गरिएको मन्त्रालयले निर्देशन दिएको छ ।

जापानका विभिन्न क्षेत्रहरूमा बर्डफ्लु भाइरसको संक्रमण धेरैपटक पत्ता लागेको रिपोर्टपछि, मन्त्रालयले राष्ट्रव्यापी सतर्कतालाई उच्चतम तहमा पुर्याएको छ । प्रशासनले भाइरसको फैलावटमा निगरानी र अनुसन्धानलाई तीव्र पार्ने प्रतिबद्धता जनाएको छ । *रासस/सिन्ह्वा*

# मलेसियाका पूर्वप्रधानमन्त्री महाथिर फेरि अस्पताल भर्ना



**क्वालालम्पुर–** मलेसियाका पूर्वप्रधानमन्त्री महाथिर मोहम्मदलाई श्वासप्रश्वासमा समस्या देखिएपछि अस्पताल भर्ना गरिएको उनका सहयोगीले बुधबार एएफपीलाई जानकारी दिएका छन् । दुईपटक प्रधानमन्त्री भइसकेका महाथिरलाई 'लगातार खोकी' लागेपछि अन्तिमपटक जुलाईमा अस्पताल भर्ना गरिएको थियो ।

उनका सहयोगीकाअनुसार उनलाई मंगलबार साँझ नेसनल हार्ट इन्स्टिच्युटमा भर्ना गरिएको छ । सुफी युसोफले भने, 'अस्पतालले महाथिरलाई 'लोअर रेस्पिरेटरी ट्रैक्ट इन्फेक्सन' को समस्या देखिएको जानकारी गराएको छ । उहाँको उपचार केही दिन चल्ने अपेक्षा गरिएको छ ।'

महाथिर जुलाइदेखि ९९ वर्ष लागेका थिए । हालैका वर्षहरूमा उनको मुटुमा लगातार समस्या देखिएपछि बाइपास सर्जरी पनि गरिएको थियो । यस वर्षको सुरुमा करिब तीन महिना अस्पतालमा बिताएका उनले जुलाईमा पनि अस्पताल भर्ना भई उपचार गराएका थिए । सन् १९८१ देखि सन् २००३ सम्म मलेसियाको राष्ट्रिय नेता (प्रधानमन्त्री) को जिम्मेवारी सम्हाल्ने महाथिर चौथो व्यक्ति थिए ।

उनले सन् २०१८ देखि २०२० सम्म ९२ वर्षको उमेरमा दोस्रोपटक प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेका थिए । *रासस/एएफपी*

# समुद्रमा ६६ दिन बिताउनुपर्दा...



**मस्को–** समुद्री डुंगामा ६६ दिनसम्म हराएका रूसी युवकले आफ्ना पीडाका ती क्षणहरूलाई अहिले अस्पतालको शयचाबाट कारूणिक रूपमा प्रकट गर्दा उपस्थित सञ्चारकर्मीसमेत भावुक बनेका छन् ।

बुधबार ४६ वर्षीय मिखाइल पिचुगिनलाई आफ्नो भाइ र १५ वर्षीय भतिजासँग डुंगामा निस्केको दुई महिनाभन्दा बढी समयपछि सुदूरपूर्वी कामचटका प्रायद्वीपको तटबाट सोमबार माछा मार्ने डुंगाले उद्धार गरेको थियो ।

मगदान सहरको एक अस्पतालमा लगिएको शयचामा सुतेर नै पत्रकारहरूसँग संक्षिप्त कुराकानी गरेका हुन् । लामो समय समुद्रमा बस्दा स्वास्थ्य अवस्था खराब भएपछि राताराता आँखाको हेराइबाट उनको पीडा झल्किन्थ्यो तर पनि उनी आफूलाई कमजोर नदेखाउन प्रयास गरिरहेका थिए ।

उनले भने, 'परमेश्वरको मद्दत पाएर, अरू कसरी ? एञ्जल भनिने डुंगाको चालक दलले मलाई देख्यो र उनीहरूले नै मलाई बचाए । उनीहरू मेरा लागि परमेश्वरले पठाएका दूत थिए ।'

'मैले पिउनका लागि वर्षाको पानी जम्मा गरेँ र तीर्खा मेटाएँ,' उनले भने । पिचुगिनले ऊँटको केशले भरिएको स्लिपिङ ब्यागले पनि आफू बाँच्न मद्दत गरेको बताए । 'भिजे पनि यसले मलाई समुद्रको चिसोमा न्यानो दियो । यो भिजेको थियो, यो सुख्खा हुँदैनथ्यो तर जब म यसभित्र छिर्थें, मेरो शरीरको तापक्रमले यसलाई न्यानो पार्थ्यो ।'

उनले भने, 'मसँग कुनै विकल्प थिएन । बाँच्नका लागि मेरो लागि प्रेरणा मेरो घरमा मेरी आमा हुनुहुन्थ्यो र छोरी थिइन् ।'

म्यागाडानका डेपुटी गभर्नर तातियाना सावचेन्कोले उनको अवस्था सन्तोषजनक रहेको बताएका छन् । पिचुगिनलाई घर फर्कन र आफन्तलाई भेट्न जाँदा प्रशासनले सहयोगसहित पठाउने गभर्नर सावचेन्कोल बताए । पिचुगिन साइबेरियाको उलान-उडेबाट आएका हुन् तर उनी चालकको रूपमा सुदूरपूर्वी टापु सखालिनमा काम गरिरहेका थिए । अगस्ट ९ मा उनी आफ्ना भाइ ४९ वर्षीय सर्गेई र १५ वर्षीय भतिजा इल्यासँग खाखालिनतर्फ प्रस्थान गरेका थिए । दुर्भाग्यबस, उनीहरू पुग्न असफल भए, डुंगा कामचटकातिर गएको आशंकामा रूसी उद्धारकर्ताहरूले हेलिकप्टर र विमानद्वारा त्यस क्षेत्रको सर्वेक्षण गरे तर केही पनि फेला परेन र अन्ततः खोजी कार्य बन्द गरियो ।

डुंगा आफ्नो सुरुको स्थानबाट करिब एक हजार किलोमिटर (६७० माइल) टाढा फेला परेको थियो । पिचुगिनको १०० किलोग्राम (२२० पाउण्ड) तौलका कारण उनी बाँचेको हुन सक्ने उनकी पत्नीले बताएकी छन् । रुसी टेलिभिजनका अनुसार सोमबार फेला पर्दा उनको तौल ५० केजीमात्र थियो ।

उनकी पत्नी येकातेरिनाले आरआइए नोभोस्ती समाचार संस्थासँग भनिन्, 'यो एक प्रकारको चमत्कार हो । पिचुगिनले दुई हप्ताका लागि पर्याप्त खाना र पानी लिएका थिए ।' यातायात अनुसन्धानकर्ताहरूले सुरक्षा नियमहरूको सम्भावित उल्लंघनको बारेमा अनुसन्धान सुरु गरेका छन् । *रासस/एएफपी*

# पुनः आक्रमण गरे 'निर्णायक' जवाफ दिने इरानको चेतावनी

**तेहरान–** इरानका शीर्ष कूटनीतिज्ञले संयुक्त राष्ट्रसंघका प्रमुख एन्टोनियो गुटेर्रेससमक्ष इजरायलको मिसाइल आक्रमणको बदलामा तेहरान 'निर्णायक र खेदजनक' प्रतिक्रियाका लागि तयार रहेको जनाउँदै राष्ट्रसंघलाई कारबाही गर्ने आग्रह गरेको छ ।

इरानले आफ्ना नजिकका सहयोगी हमासका नेता इस्माइल हानियाह, हिजबुल्लाह नेता हसन नसरल्लाह र एक इरानी जनरलको हत्याको बदला लिन अक्टोबर १ मा इजरायलमा करिब २०० वटा क्षेप्यास्त्र प्रहार गरेको थियो । इजरायली रक्षामन्त्री योव ग्यालान्टले गत हप्ता आफ्नो देशको प्रतिशोधात्मक उपाय 'घातक, सटिक र आश्चर्यजनक' हुने बताएका थिए ।

इरानका विदेशमन्त्री अब्बास अरागचीले गुटेर्रेससँगको फोन वार्तामा इरानले यस क्षेत्रको शान्ति र सुरक्षाका लागि सबै प्रयास गरिरहेको जनाउँदै इजरायलको कुनै पनि कार्यको निर्णायक रखेदजनक प्रतिक्रियाका लागि पूर्णरूपमा तयार रहेको बताएका छन् । *रासस/एएफपी*


# वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६१८०० | प्रति तोला - ० | प्रति तोला - १९५० |



**फेवातालमा डुंगा सरर...** पर्यटकीय राजधानी पोखरास्थित रामसार सूचीमा सूचीकृत फेवातालमा बुधबार डुंगा सयर गर्दै आन्तरिक तथा विदेशी पर्यटक। डुंगा सयर आन्तरिक एवं बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको छ। *तस्बिरः हरिप्रसाद बास्तोला/रासस*

# दसैंमा दुई लाख ३७ हजारले गरे हवाई यात्रा

■ प्रभाव संवाददाता

**काठमाडौं-** बडा दसैंको पाँच दिनको अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर कुल दुई लाख ३७ हजारभन्दा बढीले हवाई यात्रा गरेका छन् । विमानस्थल कार्यालयको तथ्यांक अनुसार दसैंको फुलपाती देखि पूर्णिमाको अघिल्लो दिनसम्म अर्थात् असोज २४ गतेदेखि २८ गतेसम्म आन्तरिकतर्फ एक लाख ६० हजार नौ सय १० र अन्तर्राष्ट्रियतर्फ ७८ हजार पाँच सय १२ जनाले हवाई यात्रा गरेका हुन् ।

विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार दसैंको सात दिन अर्थात् असोज २४ गते फुलपातीदेखि पूर्णिमाको अघिल्लो दिन (असोज ३० गते) सम्म आन्तरिकतर्फ दुई हजार एक सय ५९ र अन्तर्राष्ट्रियतर्फ सात सय ८१ गरी कुल दुई हजार नौ सय ४० उडान भएका छन् । यो दुईतर्फी उडानको संख्या हो ।

दसैंको दुई दिन अर्थात् असोज २४ गते फूलपाती र असोज २६ गते (महाअष्टमी/महानवमी) मा आन्तरिक र अन्तर्राष्ट्रिय दुवै गरी ६३ हजार दुई सय ४२ जनाले हवाई यात्रा गरेका थिए । असोज १३ गतेदेखि असोज २८ गतेसम्म कुल चार लाख २७ हजार नौ सय ४६ जनाले हवाई यात्रा गरेको विमानस्थलले जनाएको छ। यसमा आन्तरिकतर्फ दुई लाख २३ हजार आठ सय ४७ र अन्तर्राष्ट्रियतर्फ दुई लाख ४० हजार ९९ यात्रुले आवत जावत गरेका छन् ।

यसैगरी असोज १३ गतेदेखि असोज २८ गतेसम्म आन्तरिकतर्फ पाँच हजार एक सय आठ र अन्तर्राष्ट्रियतर्फ एक हजार सात सय ४४ गरी कुल ६ हजार आठ सय ५२ उडान सञ्चालन भएको विमानस्थलको तथ्यांकमा उल्लेख छ ।



यसअघि यही असोज १४ गते एकैदिन आन्तरिक उडान र अन्तर्राष्ट्रिय उडान गरी पाँच सय ५९ उडान भएका थिए । ती उडानमार्फत सोही दिन ३५ हजार सात सय चार जनाले हवाई यात्रा गरेका थिए । यही असोज ११ र १२ गतेको अबिरल वर्षाका कारण मुलुकका विभिन्न स्थानमा बाढी पहिरोले सडक सञ्जाल अवरुद्ध हुँदा हवाई उडानको चाप बढेको थियो ।

अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडान चाप बढेपछि विमानस्थलको टर्मिनल भवनमा यात्रुको खचाखच भीडभाड थियो । अहिले हवाई उडान सामान्य बन्दै गएको विमानस्थल कार्यालयले जनाएको छ । यही असोज १३, १४, १५ र १६ गते हवाई उडान चाप बढेको थियो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रियतर्फ तीन नेपालीसहित ३० विमान कम्पनीले उडान गर्दै आएका छन् भने आन्तरिकतर्फ सात विमान कम्पनीले सेवा दिइरहेका छन् । दसैंको समयमा आन्तरिकमा सुगम विमानस्थलमा ठूला एयरलाइन्सका विमानले उडान भरे । निजी क्षेत्रको बुद्ध एयर, यती एयरलाइन्स तथा श्री एयरलाइन्सले बढी उडान भरेका थिए । यि कम्पनीसँग ठूला र मझौला विमान छन् । बुद्ध र यतीसँग एटीआर ७० विमान र श्री एयरलाइन्सस ८० सिट क्षमताका 'ड्यास एट' विमान छन् । समिट एयर, तारा एयर र सीता एयरले लुक्लालगायत दुर्गम गन्तव्यमा उडान भर्ने गरेका छन। नेपाल वायुसेवा निगमले आन्तरिक उडानमा मात्र दुई विमानले दुर्गम क्षेत्रमा उडान भर्दै आएको छ ।

# वैकल्पिक पेसाको खोजीमा सप्तरीका कृषक

**राजविराज-** यही असोज ११ र १२ गते आएको बाढीका कारण सप्तरीको विभिन्न गाउँमा किसानको केराखेती नष्ट हुँदा उनीहरूको व्यवसाय चौपट भएको छ । भारदहमा मात्रै बाढीले पाँच सय बिघामा लगाएको केराखेती नष्ट गरेको थियो ।

बाढीले फलेको केरा खेतमै डुब्नुका साथै ढलेर नष्ट भएको थियो । यसबाट व्यावसायिक रूपमा केराखेती गर्दै आएका किसान मर्कामा परेका छन् । बिक्री गर्ने समयमा आएको बाढीका कारण केराखेती गर्ने किसानलाई लाखौँ रूपैयाँको घाटा भएको छ । हनुमाननगर कङ्कालिनी नगरपालिका-१ भलुवाका विलक्षण खंग १० कठ्ठामा लगाएको केराखेती कोसी नदीको बाढीले नष्ट गरेपछि लाखौँ रूपैयाँको घाटा बेहोर्नुपरेको बताउँछन् ।

उनले भने, 'मैले १० क॰/॰ जमिनमा करिब दुई सयजति केराका बोट लगाएको थिए, बाढीका कारण त्यो अहिले खेतमै सुकिरहेको छ ।' खंगले केराखेतीबाट गरेको आम्दानीकै भरमा नौ जनाको परिवार पाल्दै आएका थिए । केरा बेच्न तयार भएको समयमा आएको बाढीले सखाप पारेपछि अब अन्य विकल्प सोच्नुपर्ने अवस्था आएको उनको भनाइ छ ।

खंगले दसैं, तिहार तथा छठ पर्वमा गत वर्ष झैँ यस वर्ष पनि ठेलामा लिएर सप्तरीको कञ्चनपुर, रूपनगर हनुमाननगर र भारदह बजारमा बेचेर मनग्य आम्दानी गर्ने योजना बनाएका थिए । 'बाढीले योजना भताभुङ्ग बनाइदियो,' उनले भने । फलेको केराको बोट खेतमै ढलेपछि पानीमै कुहिएको उनले बताए ।

सोही ठाउँका किसान शोभानन्द यादवले पनि सात बिघामा केराखेती लगाएका थिए । उनको पनि सबै केराका बोट बाढीका कारण नष्ट भएका छन् । उनी भन्छन्, 'सरकारले राहत तथा क्षतिपूर्तिको व्यवस्था नगरे त यहाँका किसान पलायन हुनुपर्ने अवस्था छ ।' बैंकबाट ऋण काढेर केराखेतीमा हात हालेकाले ब्याज र लगानी उठाउन समस्या भएको उनको भनाइ छ ।

हनुमाननगर कङ्कालिनी-१ कोसी पलारमा लगाएको केराखेती बाढीले सखाप भएको छ । यहाँ एक सय पाँच किसानले जग्गा भाडामा लिएर केराखेती गर्दैआएका थिए । हनुमाननगर कङ्कालिनी-२ सकरदहीका दिनेशकुमार राउतले मात्रै कोसी नदीको किनारमा १० बिघामा केराखेती गरेका थिए । 'दसैं, तिहार र छठमा केरा बिक्री गरेर पर्याप्त आम्दानी गर्ने सोचमा थिए, दसैं सुरु हुनु अगाडि नै दसा लाग्यो,' राउतले भने- 'केराखेतीकै आम्दानीले छोराछोरी पढाउने तथा घरखर्च चलाउने योजना थियो, बाढीले सब चौपट बनायो ।' *रासस*

# यान्त्रिकीकरणले कृषि उत्पादन बढ्यो

■ प्रभाव संवाददाता

**सुदूरपश्चिम-** घरमा 'पावरटिलर' सहितको कृषियन्त्रको व्यवस्था भएपछि धनगढी उपमहानगरपालिकाका किसान कालुराम चौधरीलाई खेतीको काम गर्न सहज भएको छ । यसअघि घरमा पालिएका गोरु र राँगाले खेत खनजोत गर्दै आएका उनी दुई वर्षदेखि पावरटिलरले खनजोत गर्न पाउँदा खुसी छन् । उनले भने, 'ट्र्याक्टर, पावरटिलर जस्ता कृषियन्त्रको प्रयोगले खनजोतको काम छिटोछरितो भई काम गर्न निकै सहज भएको छ, घरमा खेतीको कामका लागि गोरु र राँगा पाल्नुपर्ने झन्झट पनि अब हटेको छ ।'

कृषियन्त्रले खनजोत गर्दा बालीहरूको उत्पादन र उत्पादकत्व पनि सन्तोषजनक रहेको उनले बताए । आफ्नो खनजोत गर्ने काम सकेर छरछिमेकीको खेत जोत्ने काम पाउँदा ट्र्याक्टर र पावरटिलरवालाले आम्दानी पनि गरिरहेको कैलाली गोदावरी नगरपालिकाका सुभाष चौधरी बताउँछन् ।

'आफ्नो घरमा रहेको गोबर ग्यासमा प्रयोग गरिने गोबरका लागि मात्रै गोरु र राँगा पाल्नुपर्ने बाध्यता छ,' उनले भने, 'खेतमा खनजोत गर्नेलगायत सबै काम अब ट्र्याक्टर र पावरटिलरबाट गर्ने गरिएको छ ।'

कतिपय किसानले खेतीको काम सकेपछि मालसामान ढुवानीको काममा पनि यी कृषियन्त्रको प्रयोग गर्ने गरेका छन् । धनगढी उपमहानगरपालिका-१३ का ७४ वर्षीय अर्का किसान ललितसिंह राना खेती गर्दा आफूले बाल्यकालमा कठिन परिश्रम गर्नुपरेको बताउँदै उनले भने, 'उतिबेला गोरुको सहायतामा कडा मेहनत गरेर खेती गर्नुपर्दा दु:ख झेलेका थियौँ, सबै चीजको सुविधा पुग्दा अहिलेका किसान भाग्यमानी छन् ।'

प्रदेश सरकार र स्थानीय पालिका सरकारले ५० प्रतिशत अनुदानमा किसानलाई पावरटिलरलगायत कृषियन्त्र उपलब्ध गराउँदै आएको छ। कृषियन्त्रको प्रयोग र उन्नत बीउको प्रयोग गर्नेहरू बढेसँगै कृषि उपजको उत्पादन पनि पहिलेको तुलानामा बढेको मात्र नभई कृषियन्त्र प्रयोग गर्दा समयको बचत भई परिश्रम कम लाग्ने गरेको किसानहरूको अनुभव छ।

उनले थपे, 'घरमै राखिएको स्थानीय जातको बीउको प्रयोगले प्रतिबिघा जग्गामा मुस्किलले आठ/दश क्विन्टल धान फल्थ्यो, राम्रोसँग खनजोत हुने र उन्नत बीउको प्रयोगले २० क्विन्टलसम्म फलेको देखिएको छ ।'

कृषि निर्देशनालयको तथ्यांकमा पनि कृषि उपज धान र गहुँको उत्पादकत्व पहिलेको तुलनामा वृद्धि भएको जनाइएको छ। बालीहरूको उत्पादन र उत्पादकत्व वृद्धि भए पनि नेपालमा बर्सेनि ठूलो परिमाणमा खाद्यान्न विदेशवाट आयात भइरहेको तथ्यांक छ। समय परिवर्तनसँगै पहिलेको भन्दा कृषिकर्म गर्न सहज भइरहे पनि मौसममा पटकपटक देखिने परिवर्तनले निम्त्याउने समस्याबाट भने कृषिक्षेत्र प्रभावित भइरहेको किसानको अनुभव छ। कृषक सुभाषले भने, 'गाउँभरिका पाँच/ छ घरबाहेक सबैका घरमा पावरटिलर छ, पावरटिलर नभएको घरमा ट्र्याक्टर, धान तथा गहुँ झार्ने (थ्रेसिङ) गर्ने मेसिन छ, सबैले यी कृषियन्त्र नै प्रयोग गर्छन्, हलो जोतेर खेती गर्ने समय अब हराउँदैछ ।'

बर्सेनि मौसममा आउने परिवर्तनका कारण भने आफ्नो बाली जोगाउन हैरानी खेप्नुपरेको किसनको भनाइ छ। ललितले भने, 'मौसमको समस्या भने अहिलेको जस्तो उहिले थिएन, उतिबेलाको समयमा हिँउदेयाममा अहिलेको जस्तो शीतलहर र गर्मीयाममा डुबान र खडेरीको समस्या थिएन ।' खेती गर्दा चाहिएको बेला रासायनिक मल नपाउने किसानको अर्को समस्या पनि छ। मुख्य खाद्यान्न बालीका रूपमा किसानले धान र गहुँ बालीको खेती गर्दै आएका छन्। कृषि उपजको उत्पादन गरेर हुने आम्दानीबाट किसानले जीविका चलाउने गरेका छन्। आफूलाई वर्षभरि आवश्यक पर्ने कृषिउपज कृषकले घरमै भण्डारण गरी बढी भएको धान व्यापारीलाई बिक्री गरेर घर खर्चको आवश्यकता पूरा गर्दै आएका छन्।

सुदूरपश्चिम प्रदेश सरकारले 'कृषिमा आत्मनिर्भर सुदूरपश्चिम प्रदेश सरकारको अभियान' भन्ने नारासहित चालु वर्षको बजेटमा कृषि क्षेत्रको विकासलाई मुख्य प्रथमिकता दिएको छ। कृषिको उत्पादन लागत घटाई आम कृषकको आम्दानी वृद्धि गर्नमा टेवा पुर्याउन कृषकलाई कृषि ऋणको व्याज र विद्युत् महसुलमा सहुलियतको व्यवस्था पनि गरेको छ।

# सिलौटो बेचेर मासिक ४० हजार कमाउँछन् अनिल

**धरान (सुनसरी)-** सुनसरीको इटहरी उपमहानगरपालिका-६ टेंग्रा खोलाको किनारमा इटहरी उपमहानगरपालिका-४ का अनिल सन्तराज सिलौटा बनाउँदै गरेको अवस्थामा भेटिए। उनी लोहोरो, जाँतो, सिलौटोलगायत सामग्री बनाएर बिक्री गर्दै आएका छन्। सन्तराजले यही व्यापारबाट जीविकोपार्जन गर्दै आएका छन्। उनले भने, 'सिलौटा बनाउने हाम्रो पुर्ख्यौली पेसा नै हो। तीन पुस्तादेखि गरिँदै आएको पेसालाई मैले पनि निरन्तरता दिँदैआएको छु।'

इटहरी बजारको व्यस्त सडकमा चर्को घाममा सन्तराज ढुंगाका सामाग्री बिक्री गर्दै आएका छन्। नजिकैको खोला किनारमा प्लास्टिकको छानोमुनि दिनभर घन र छिनोको साहायताबाट उनले ढुंगालाई विभिन्न आकार दिनुका साथै बुट्टा भर्दै आएका छन्। उनले खोलाको किनारमा ती सामग्री बिक्रीका लागि लहरै राखेका छन्।

'विदेशमा गएर दु:ख गर्नुभन्दा यही पुर्ख्यौली पेसा सिलौटो व्यापारबाट आम्दानी गर्दै आएको छु, दिनभर यही बसेर सामाग्री तयार गर्छु, बेलुका घर फर्किन्छु। अहिलेसम्म यही व्यापारबाट परिवारलाई खान लाउन पुगेको छ। आम्दानीसँगै आत्मसन्तुष्टि पनि मिलेको छ,' सन्तराजले भने।

सन्तराजले दैनिक तीनदेखि चार जोरसम्म लोहोरो र सिलौटा बनाउँदै आएका छन्। 'कहिले चार/पाँच वटासम्म बिक्री हुन्छ कहिले कत्ति पनि बिक्री हुँदैन। व्यापार हो, सधैँ एकनास हुँदैन,' उनले भने। लोहोरो, जाँतो, सिलौटालगायत सामग्री बिक्री गर्न सन्तराज जिल्लाका विभिन्न ठाउँ पुग्ने गरेका छन्। सिलौटो बनाउने ढुंगा मोरङको केराबारी, जाँते, लेटाङ, धुलाबारीगायतका स्थानबाट ल्याउने गरेको उनले बताए।

व्यापारबाट घर खर्च कटाएर मासिक रु ४० हजारसम्म आम्दानी हुँदै आएको सन्तराजले जानकारी दिए। उनले एउटै ठाउँलाई व्यापार गर्ने थलो बनाएका छन्। छोराले पनि उनलाई साथ दिँदै आएका छन्। 'पुर्ख्यौली पेसाको संरक्षण पनि भयो। साथमा आम्दानी पनि हुने भएकाले यो पेसालाई निरन्तरता दिएको हुँ,' उनले भने।

सन्तराजले केही सामान ग्राहकको मागअनुसार बनाउने गरेका छन्। एउटा सिलौटो तथा जाँतो बनाउन एक घण्टादेखि डेढ घण्टासम्म लाग्छ। उनले एउटा सिलौटो रु चार सयदेखि रु ५ सय ५० सम्ममा बिक्री गर्दै आएका छन्। एक जोर जाँतो रु एक हजारदेखि रु एक हजार तीन सय सम्ममा बिक्री गर्दै आएका छन्। पछिल्लो समय आफ्नो व्यवसाय संकटमा पर्दै गएको उनको भनाइ छ। कुटानी पिसानीका लागि विभिन्न उपकरण बजारमा आएसँगै सन्तराजको पेसा संकटमा परेको हो। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ